आर्थिक वर्ष ०८२/०८३ को

# नीति तथा कार्यक्रम

१० असार, २०८२

## मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

**मध्यविन्दु नगरपालिका**
**नगर सभाको सत्रौं अधिवेशनमा**
**नगर प्रमुख श्री भिमलाल अधिकारीद्वारा प्रस्तुत**
**आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम**

**नगर सभाका सदस्यज्यूहरू**
**राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित महानुभावहरू ।**

आज हामी मध्यविन्दु नगरपालिकाको गरिमामय नगर सभाको सत्रौ नगर अधिवेशनमा उपस्थित भइरहेका छौ । **"समृद्द मध्यविन्दु, खुसी नगरवासी"** भन्ने सोंच सहित कार्य गर्दै अघि बढेको मध्यविन्दु नगरपालिकाको गरिमामय अधिवेशन समक्ष आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु।

यस महत्त्वपूर्ण घडीमा मुलुकमा नागरिक सर्वोच्चता, लोकतान्त्रिक शासन प्रणाली, सामाजिक रुपान्तरण र अग्रगमनका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, मुलुकको सार्वभौमिकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै राष्ट्र निर्माणको लागि संघर्ष गर्नु हुने जनआन्दोलनका घाइते तथा वेपत्ता नागरिक एवम् अन्य सम्पूर्ण नेपाली नागरिक र नेतृत्त्व गर्नु हुने आदरणीय अग्रज राजनीतिक तथा सामाजिक व्यक्तित्वहरुमा उच्च सम्मान तथा कृतज्ञता प्रकट गर्दछु ।

नगर सभाको यस अधिवेशनसम्म आईपुग्दा हामीले तीन वर्षको कार्यकाल पूरा गरेका छौं। यस अवधिमा नगरवासीले सुम्पिएको जिम्मेवारीलाई पूरा गर्न स्व-उत्प्रेरित भई काम गरिरहेका छौं, अझै पनि नगरवासीका चाहना, माग र आवश्यकताहरुको उच्च सम्मान गरी मध्यविन्दुलाई एक सुन्दर, स्वच्छ, समृद्ध एवम् लोककल्याणकारी नगर बनाउने उच्च आदर्शले प्रेरित भई निरन्तर लागिरहनेछौं।

मध्यविन्दु नगरपालिकाको दीर्घकालीन लक्ष्य **"समृद्ध मध्यविन्दु, खुसी नगरवासी"** प्राप्तिका लागि हामी पूर्ण रूपमा प्रतिबद्ध छौं। यस लक्ष्यलाई यथार्थमा बदल्न हामी मानवीय मूल्यमा आधारित गुणस्तरीय शिक्षा र उत्कृष्ट स्वास्थ्य सेवा प्रदान गर्न कटिबद्ध छौं। कृषिप्रधान यस क्षेत्रमा कृषि आधुनिकीकरण मार्फत कृषकहरूको जीवनस्तर उकास्ने हाम्रो दृढ संकल्प छ। साथै, दिगो पूर्वाधार विकासमा जोड दिँदै नगरवासीको जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउन हामी क्रियाशील छौं। सुशासनको प्रत्याभूति गराउँदै जनताको विकासप्रतिको आकांक्षालाई सम्बोधन गर्नु हाम्रो प्रमुख प्राथमिकता हो। समग्रमा, मध्यविन्दु नगरपालिकाको चौतर्फी विकासका लागि हामी मन, वचन र कर्मले निरन्तर अघि बढ्न प्रतिबद्ध छौं। हामी विश्वास गर्छौं कि यस सामूहिक प्रयासबाटै समृद्ध मध्यविन्दु, खुसी नगरवासीको परिकल्पना साकार हुनेछ।

**सभाका सदस्यज्यूहरु,**
अब म यहाँहरु समक्ष हाम्रो तीन वर्षे कार्यकालमा भए गरेका केही महत्त्वपूर्ण कार्यहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

(१) नेपालको संविधान र कानून बमोजिम परिभाषित अधिकार क्षेत्र एवम् जिम्मेवारीको कार्यान्वयन तथा नगरपालिकाले तय गरेको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनलाई व्यवस्थित गर्न तथा सेवा प्रवाहलाई नागरिकमैत्री बनाई सुशासनको प्रत्याभूति गराउन हालसम्म १७ ऐन, ७ नियमावली, १२ निर्देशिका, ७२ कार्यविधि र अन्य १० वटा गरी जम्मा ११९ वटा कानून निर्माण गर्नुका साथै योजनाबद्ध विकासका लागि रणनीतिक आवधिक योजना र नगर शिक्षा योजनाको निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।

(२) आ.व.२०७८/०७९ को यस नगरपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन तर्फ ७१.२५ अंक भएकोमा आ.व. २०८०/०८१ मा उक्त अंक बढेर ९० हासिल भएको छ । यसैगरी स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा आ.व.२०७८/०७९ मा ८९.५० अंक प्राप्त भएकोमा उक्त अंक वृद्धि भई आ.व. २०८०/०८१ मा ९३.५ पुगेको छ ।

(३) मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रममा आ.व.२०७९/०८० देखि आ.व.२०८१/०८२ सम्म लगातार तीन पटकसम्म छनौट हुने गण्डकी प्रदेशकै एकमात्र नगरपालिकाको रुपमा परिचित यस नगरले पहिलो वर्षमा प्रदुषण न्यूनीकरण फोहरमैला व्यवस्थापन तथा जैविक मल उत्पादन कार्यक्रम दोश्रो वर्षमा हाम्रो खुसी शैक्षिक सुधार परियोजना र चालु वर्षमा कृषि उद्यमशिलता तथा जैविक खेती परियोजना छनौट भई कार्यान्वयनमा रहेको छ।

(४) मध्यविन्दु नगरपालिकाको स्थापना भएको ऐतिहासिक दिनको स्मरण गर्दै असोज १ गतेलाई नगर स्थापना दिवसको रूपमा मनाउने कार्यको शुरूवात चालु आ.व. २०८१/०८२ बाट गरिएको छ ।

(५) नगरपालिकाले आफ्नो विशिष्ट पहिचान झल्काउने एउटा महत्वपूर्ण कदमको रूपमा नगर गान र नगर लोगो निर्माण गरेको छ। नगर गानले नगरको गौरव र विशेषतालाई संगीतमय माध्यमबाट प्रस्तुत गरेको छ भने लोगोले नगरको भौगोलिक, सांस्कृतिक र सामाजिक पक्षलाई एकैसाथ प्रतिविम्बित गरेको छ ।

(६) शिक्षा क्षेत्रमा शैक्षिक सत्र २०८१ देखि शिक्षा क्षेत्रको नविनतम कार्यक्रमको रूपमा कक्षा १-८ मा मानवीय मूल्य, असल सम्बन्ध र व्यवहार कुशल सिपसँग सम्बन्धित मानव मूल्य र संस्कार सहितको हाम्रो खुसी पाठ्यक्रमको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रीको प्रमुख आतित्थयतामा औपचारिक रूपमा शुभारम्भ गरिएको थियो । उक्त कार्यक्रम मुख्य मन्त्री नवप्रवर्तन कार्यक्रममा आ.व. २०८०/०८१ मा छनोट भएको थियो ।

(७) हाम्रो खुसी पाठ्यक्रमको कार्यान्वयनका चरणसम्म आइपुग्दा ५६ जनाका लागि सरोकारवाला अभिमुखीकण, ६४ जनाका लागि विचारशिलता शिविर, ३८ जनाको दिल्ली अध्ययन भ्रमण, १४ जनानका लागि हापुरमा अध्ययन विन्दु शिविर, ३ चरणमा पाठ्यक्रम निर्माण कार्यशाला, पाठ्यक्रम विकास र कक्षा १ देखि ८ सम्मको हाते पुस्तक तयारी, ४७८ जना कक्षागत खुसी शिक्षकहरूको क्षमता विकास, ५९८ जना CHT/SHRT का लागि जीवन विद्या शिविर, ५७७ जनका लागि अन्तर विद्यालय अनुभव आदानप्रदान कार्यक्रम, राष्ट्रिय र स्थानीय मिडियाका सञ्चारकर्मीहरूका लागि अभिमुखीकरण, ८३०० जनाका लागि अभिभावक शिक्षा कार्यक्रमलगायतका विविध गतिविधिहरू सञ्चालन गरिएको थियो ।

(८) आत्मीय विश्वविद्यालय, राजकोट भारत र मध्यविन्दु नगरपालिकावीच शैक्षिक अनुसन्धान र आउटरिच सहकार्य (Outreach Collaboration) को लागि समझदारी पत्रमा हस्तान्तरण गरिएको छ, जसले शैक्षिक शिक्षा सुधारको लागि महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा छ ।

(९) पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, कार्यान्वयनलगायत कार्यलाई व्यवस्थित बनाई शैक्षिक गुणस्तरमा वृद्धि गराउन पाठ्यक्रम अध्ययन तथा अनुसन्धान केन्द्रको स्थापना गरिएको छ । गणित र विज्ञान विषयको सिकाइलाई अर्थपूर्ण र व्यवहारिक बनाउन नमूना गणित/विज्ञान प्रयोगशालाको स्थापना, पठन संस्कृतिको विकास गरी आजीवन सिकाइलाई प्रवर्धन गर्न नगरस्तरीय पुस्तकालयको स्थापना, स्थानीय पाठ्यक्रम (हाम्रो मध्यविन्दु) को पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, खुसी शुक्रवार कार्यक्रम (Happy Friday) को कार्यान्वयन, शिक्षक दरवन्दी मिलान तथा न्यून दरवन्दी भएका विद्यालयहरूका लागि शिक्षण सहयोग अनुदान, १४ नं. वडा निशुल्क शिक्षा कार्यक्रम, नमूना आधारभूत विद्यालय विकासका साथै नियमित रूपमा शैक्षिक बुलेटिन (बार्षिक), शैक्षिक क्यालेण्डर प्रकाशन गरिएको छ । तीन वर्षको अवधिमा ५ विद्यालयमा कम्प्युटर प्रयोगशाला, ७ विद्यालयमा पुस्तकालय व्यवस्थापन अनुदान र ३ विद्यालयमा विज्ञान प्रयोगशाला स्थापनाका लागि अनुदान

प्रदान गरिएको छ भने विद्यालयको आवश्यकतामा आधारित रही भौतिक पूर्वाधार निर्माण र मर्मत सम्भारमा सहयोग गरिएको छ ।

(१०) शिक्षकहरूको आवश्यकतामा आधारित रही अंग्रेजी माध्यम शिक्षण, पाठ्यक्रम कार्यान्वयन, योग शिक्षा, सूचना प्रविधि तालिमलगायत विषयगत रूपमा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिएको छ । प्रधानाध्यापकहरूका लागि व्यवस्थापन नेतृत्व क्षमता विकास तालिम, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका अध्यक्षहरूका लगायतका लागि विभिन्न किसिमका क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

(११) शिक्षाक्षेत्रमा नगरपालिकाले गरेको लगानी, पूर्वाधार विकास, समावेशी शिक्षामा योगदान, स्थानीय पाठ्यक्रम र नवप्रवर्तन, सुशासन र व्यवस्थापन लगायतका पक्षहरूबाट प्रिन्सिपल एसोसियसन अफ नेपाल (PAN) ले आ.व. २०८०/०८१ मा गरेको मूल्यांकनबाट गण्डकी प्रदेशका स्थानीय तहहरूमध्ये उत्कृष्ट नगरपालिकाको रुपमा सम्मानित भएको छ।

(१२) वि.सं. २०८० असार २५ को निर्णयबाट प्राथमिक स्वास्थ्य केन्द्र १५ शैयाको नगर अस्पतालको रूप्मा स्तरोन्नति भई अस्पतालको पूर्वाधार निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ। नगर अस्पतालमा थप विशेषज्ञ सेवा प्रदान गर्दै प्रयोगशालामा अत्याधुनिक उपकरण सहित सेवा सुरुवात गरिएको छ। साथै विभिन्न संघ संस्थाको सहकार्यमा अस्पतालमा अत्याधुनिक उपकरण तथा औजारको व्यवस्था गरिएको छ। नगर अस्पतालबाट वार्षिक ४१७१७ जना (औसत प्रति दिन १२६ जना) ले सेवा लिएका छन्, जसअन्तर्गत यस वर्ष मात्र ओपीडीतर्फ २४,३७८ जना, इमरजेन्सीतर्फ १९५० जना र जेष्ठ नागरिक सेवातर्फ ३३८७ जनाले सेवा प्राप्त गरेका छन् ।

(१३) आधारभूत स्वास्थ्य केन्द्रहरू क्रमश: वडा नं. १, ३, ५, ६, ८, ९, ११ र १२ ले आफ्नै भवनबाट सेवा दिइरहेका छन् भने वडा नं. १३ मा वडा कार्यालयबाट आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइएको छ ।

(१४) जेष्ठ नागरिक तथा पूर्ण अपांग व्यक्तिहरुको घर दैलोमा गई स्वास्थ्य सेवा प्रदान गर्ने, गर्भवती तथा सुत्केरी आमाहरुलाई निशुल्क क्याल्सियम ट्याब्लेट वितरणः गर्ने कार्य, लगायतका आधारभूत स्वास्थ्य सम्बन्धी सेवाहरू नगरवासीमा पुऱ्याइएको छ।

(१५) आरूङखोलामा बर्थिङ्ग सेन्टरको सेवा विस्तार गर्नुका साथै ख वर्गको एम्बुलेन्स थप गरी सेवा प्रदान गरिएको छ। वर्थिङ सेन्टरबाट ११४ जनाले सुत्केरी सेवा प्राप्त गरेका छन् भने गर्भवती जाँच, परिवार नियोजन सेवा सहित ६३४५ जनाले सेवा लिएका छन् ।

(१६) सामाजिक न्याय र समावेशी विकासलाई प्रवर्धन गर्ने नीतिअनुरूप सीमान्तकृत माझी र मुसहर समुदायका लागि निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिएको छ। यस पहलअन्तर्गत हालसम्म १७७ घरपरिवारका १०७५ जना सदस्यहरूलाई निःशुल्क स्वास्थ्य बीमा उपलब्ध गराइएको छ, जसले स्वास्थ्य सेवामा लक्षित वर्गको पहुँच अभिवृद्धि भएको छ ।

(१७) नगरपालिकाले आफ्ना नागरिकसँग 'बच्चाको गर्भदेखि अन्तिम यात्रासम्म' जोड्ने बृहत् अभियानअन्तर्गत विभिन्न जनमुखी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसै क्रममा, दुःखद घडीमा शोकसन्तप्त परिवारलाई केही हदसम्म भए पनि आत्मसन्तुष्टि प्रदान गर्ने उद्देश्यले नगरपालिकाले निःशुल्क शव वाहन सेवा सुरु गरेको छ। 'अन्तिम यात्रा' नाम दिइएको यो सेवामार्फत मृतकलाई सलामीसहित सम्मान प्रदान गरिन्छ। २०८२ जेठ मसान्तसम्ममा १९६ जनाले यस सेवाको लाभ लिइसकेका छन् ।

(१८) नगर भित्रको कृषि क्षेत्रलाई दिगो रुपमा व्यावसायिकीकरण र आधुनिकीकरण गर्ने उद्देश्य सहित विभिन्न क्षेत्रलाई पकेट क्षेत्रको रुपमा विकासको कार्यहरु संचालनमा आएका छन । १ थान कम्बाइण्ड हर्भेस्टर, २

थान कृषि प्रयोजनको लागि ठूला ट्याक्टर, १ थान कृषि सामग्री ढुवानीको लागि कृषि एम्बुलेन्स लगायत ३३ थान मिनी टिलर, ५ थान मिनी मिल, ६१ थान स्प्रेयर, ३ थान पम्प सेट वितरण,करिब १३५ टन अन्न बालीको बीउ वितरण, ४ सिचाई पूर्वाधार निर्माण, २ कृषि प्रयोजनको लागि पूर्वाधार निर्माण जस्ता कार्य मार्फत करिब दुई तिहाई भन्दा बढी घरधुरी प्रत्यक्ष लाभान्वित हुनुका साथै पकेट निर्माणको तथा व्यवसाय प्रवर्द्धनको लागि कृषि व्यवसाय सबलीकरण कार्यक्रम, एक वडा एक पकेट क्षेत्र कार्यक्रम लगायत विभिन्न तरकारी बाली, मसला बाली, फलफूल खेती प्रवर्द्धन कार्यक्रमहरु संचालनमा ल्याइएको छ।

(१९) कृषि प्रविधि प्रदर्शनी तथा रैथाने खाना महोत्सव २०८१ फागुन २२ देखि २४ सम्म भव्यतापूर्वक सम्पन्न गरिएको थियो, जसले कृषि क्षेत्रको आधुनिकीकरण र स्थानीय उत्पादनको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुगेको छ ।

(२०) पशु सेवा शाखा तर्फ पहाडी क्षेत्रमा बाख्रा प्रवर्द्धन तथा २० वटा आधुनिक खोर निर्माण, ६१७ सामूदायिक कुकुरहरुको बन्ध्याकरण तथा रेविज रोग विरुद्धको खोप, लोकल कुखुरा प्रवर्द्धन, पशुहरुलाई स्वस्थ बनाउन विभिन्न खोप तथा सिविरहरु र अनुदानमा आधारित विभिन्न कार्यक्रम सञ्चालन भएका छन्।

(२१) समग्र नगरको भौतिक पूर्वाधार विकासका लागि विगत तीन वर्षमा नगरबाट विनियोजन भएको रकमबाट धुलाम्मे सडकहरूलाई स्तरोन्नति गर्नुका साथै ११.०६ कि.मी. सडक कालोपत्रे, २९.६२ कि.मि. सडक ग्राभेल, कल्भर्ट तथा पुल २४ वटा निर्माण भएको छ । यसका अलावा नगरपालिकाको संघीय र गण्डकी प्रदेश सरकारसँगको पहलमा सडक लगायतका भौतिक पूर्वाधारका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल भएको छ ।

(२२) बजार क्षेत्र विस्तारका लागि नगर अस्पताल परिसरमा सटर निर्माण गरिएको छ ।

(२३) अरुणखोला सभाहलमा ३५० जति क्षमताको नेवारी संस्कृति झल्किने सभाहल निर्माण सम्पन्न भएको छ ।

(२४) शहरी सौन्दर्य र हरियाली प्रवर्धन गर्ने उद्देश्यले ब्रम्हस्थानमा पार्क संरचना निर्माण गरी विभिन्न प्रजातिका बोटबिरुवा रोपण कार्य सम्पन्न गरिएको छ भने नगर अस्पताल अगाडि बालबालिका, युवा तथा वृद्ध—वृद्धाको लागि उपयुक्त हुनेगरी पार्क निर्माण कार्यको शुरूवात गरिएको छ।

(२५) वडा नं. ६, ७ र ८ को वडा कार्यालय निर्माण सम्पन्न भई सोही भवनहरुबाट सेवा प्रवाह सुरुवात भैसकेको छ।

(२६) जनता आवास कार्यक्रम, सुरक्षित आवास कार्यक्रम सञ्चालन गरिएको छ भने मध्यविन्दु ७ मा रहेका बाढी पिडित २१ घरधुरीका जीर्ण पुराना छानाहरु हटाएर नयाँ छानाहरु राखिएको छ।

(२७) नगरपालिकाले प्रदान गरेका सेवा प्रवाहका सम्बन्धमा सुसूचित गराई नगरवासीहरूको पहुँच बढाउन, सेवा प्रभावलाई प्रभावकारी बनाउँदै पारदर्शिता वृद्धि गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले मध्यविन्दु सन्देशको प्रकाशन गर्न कार्यको प्रारम्भ चालु आ.व. देखि गरिएको छ ।

(२८) गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम समेतको लगानीमा स्थापना गरिएको सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन केन्द्रको समुद्घाटन गण्डकी प्रदेशका माननीय मुख्यमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न गरिएको छ । नगरका १४ वटा वडाहरुमा फोहरलाई स्रोतमा नै वर्गीकरण गरी व्यवस्थापन गर्ने कार्य सुरु गरिएको छ भने कुहिने फोहरबाट जैविक मल निर्माण गरी प्रयोगमा ल्याइएको छ। सरसफाई प्रवर्द्धन तथा जैविकमल उत्पादन केन्द्रबाट चालु आ.व. को तेस्रो त्रैमासिक अवधिसम्म सेवा शुल्क, कवाडीजन्य सामग्री र जैविक मल विक्री गरी कूल १ करोड ३३ लाख आम्दानी भएको छ ।

(२९) नगरपालिकाको चोरमारा क्षेत्रमा आधुनिक सुविधा सम्पन्न कभर्ड हलको निर्माण कार्य पूरा भएको छ । यसैगरी वडा नं. १० को अरुणखोला रंगशालामा प्याराफिट निर्माण कार्य भईरहेको छ । यस प्याराफिटको निर्माण सम्पन्न भएपछि झण्डै २००० जना दर्शकले एकै पटक खेलकुद प्रतियोगिता अवलोकन गर्न सक्नेछन् ।

(३०) विद्यालयस्तरीय, वडास्तरीय, क्लवस्तरीय खेलकुदका कार्यक्रमहरूलाई योजनाबद्ध रूपमा सञ्चालन गर्ने गरिएको छ। खेलकुद क्षेत्रको विकासका लागि नगरपालिकाले गरेका गतिविधिहरूको मूल्यांकन गरी आ.व. २०८०/०८१ मा राष्ट्रिय खेलकुद परिषदबाट खेलकुद क्षेत्रमा सर्वोत्कृष्ट नगरपालिकाको रुपमा सम्मानित भएको छ।

(३१) लामो समयको प्रयासको फलस्वरूप भूमि समस्या समाधान आयोगसँगको समन्वयमा वडा नं. १, ५, ६, ७, ८, १० र १५ का भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको कूल ४५५ हेक्टरका ७४४३ कित्ता नाप नक्सांकन कार्य सकिएको छ । वडा नं. १ का ९० भूमिहिन दलित र भूमिहिन सुकुम्बासी घरपरिवारलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गरिएको छ ।

(३२) मानव र बन्यजन्तुबीचको द्वन्द्ध न्यूनीकरणका लागि विद्युतीय तारवार ११.२५ कि.मि. र खानेपानीलाई सर्वसुलभ बनाउन १२.९६ कि.मि. पाइप विस्तार गर्ने कार्य भैसकेको छ।

(३३) अरुणखोला र गिरुवारी खोलामा करीडोर सहितको २.४२ कि.मि तटबन्धन गर्ने कार्य सकिएको छ भने संघीय र प्रदेश सरकारसँगको समन्वय एवम् सहकार्यमा नारायणी नदीको कटान रोकथाम एवम् बोल्डर राखी तटबन्धन गर्ने कार्य गरिएको छ।

(३४) कारितास नेपालको प्राविधिक सहयोगमा मध्यविन्दु नगरपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना २०८१ निर्माण गरिएको छ।

(३५) मिति २०८१/०१/१० मा वडा नं. १४ को चनौटेमा भएको आगलागीबाट प्रभावित १४ घरधुरीलाई रु. १ लाख २ हजार २१९ बराबरको राहत सामग्री वितरण गर्नुका साथै पूर्ण क्षति भएका ४ घरधुरीलाई आवास पुर्ननिर्माणको लागि प्रति घर २ लाखको दरले रु. ८ लाख अनुदान सहयोग गरिएको थियो ।

(३६) वि.सं. २०८१ असोज १० देखि १२ सम्म अविरल वर्षाका कारण नारायणी नदीमा आएको बाढीले यस नगरपालिकाको वडा नं. २, ६, १२ र १५ मा डुवान भई विस्थापित हुन गएका ५८८ घरधुरीका नागरिकहरुलाई राहत उद्धार र पुनर्स्थापना कार्यको लागि नगरपालिकाको नेतृत्वमा विभिन्न संघसंस्थाहरु समेतको परिचालन गरी ७२ लाख ४७ हजार २ सय ६ रुपैया बराबरको राहत वितरण गरिएको थियो ।

(३७) बैदेशिक रोजगारीमा जाने ७१५ जना व्यक्तिहरुको श्रममा सहजीकरण एवम् बैदेशिक रोजगारीमा मृत्यु भएका, बिरामी भई घर फर्केका र ठगीमा परेर केश दर्ता भएकामध्ये ९३ वटा समस्या समाधान गरी आर्थिक सहायता/क्षतिपूर्ति प्राप्त गर्नको लागि सहजीकरण गरिएको छ। वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको लागि पूनःएकिकरण कार्यक्रम मार्फत ४० जना व्यवसायी युवाहरुलाई तालिम तथा व्यवसाय प्रवर्द्धनको लागि विउ पूँजी वितरण गरिएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत ४० जनालाई मेसन तालिम, वैदेशिक रोजगार बोर्ड मार्फत १४० जना र राष्ट्रिय तालिम केन्द्रसँगको सहजीकरणमा वित्तीय साक्षरता कक्षाका २० जनालाई सीप मुलक तालिम, ४४२ जनालाई वित्तीय साक्षरता कक्षा र ६७ जना व्यक्तिलाई मनोपरामर्श सेवा प्रदान गरिएको छ।

(३८) लघुउद्यम विकास मार्फत नयाँ उद्यमी निर्माण तथा विभिन्न सीप विकास सम्बन्धी तालिम सञ्चालन भएका छन् भने सुरक्षित आप्रवासन कार्यक्रम मार्फत वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा जस्ता कार्यहरु नियमित भैरहेका छन्।

(३९) लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान १५ वटै वडामा सञ्चालन गरी लैंगिक हिंसा न्यूनीकरणका लागि चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएका छन् । महिलाहरूलाई उद्यमशिल बनाउन सहयोग पुगोस भन्ने उद्देश्यले गुडिया कुसन, वाद्यवादन, उदघोषक, गलैचा, व्यूटिपार्लर, सरफ बनाउने लगायतका तालिम ५२० जना भन्दा बढीलाई प्रदान गरिएको छ । द्धन्द पिडित ५० जना महिलाहरुलाई सचेतना तथा अभिमुखीकरण कार्यक्रम ५० जना र १० जनालाई वारिस्था तालिम सञ्चालन गरिएको छ ।

(४०) अपांगताको क्षेत्रतर्फ ८६ जनालाई सहायक सामग्री वितरण, ९०३ जनालाई अपाङ्ग परिचय पत्र वितरण, फिजियो थेरापी सेवा १० जनालाई, व्यवसाय अनुदान ४ जनालाई, स्वास्थ्य शिविर ३८ जनालाई र पूर्ण अशक्त ७५ जनालाई न्यानो सिरक वितरण गरिएको छ ।

(४१) जेष्ठ नागरिकतर्फ जेष्ठ नागरिक मिलन केन्द्र सहयोग, अवलोकन अध्ययन भ्रमण, वडा र टोलस्तरीय मञ्च गठन गरिएको छ ।

(४२) आदिवासी जनजातितर्फ कम्प्युटर, व्युटिपार्लर र बारिस्था तालिम १४५ जनालाई प्रदान गरिएका छ भने होमस्टे प्रवर्द्धन कार्यक्रम र वाद्यवादन सामग्री हस्तान्तरण कार्यक्रम सञ्चालन भएका छन् ।

(४३) दलिततर्फ वडा नं. १, ९, १० र ११ मा भवन निर्माण, पञ्चेबाजा, भाँडा सेट, पञ्चे बाज खरिद गरी वितरण गर्नुका साथै कम्प्युटर, बारिस्था, इलेक्ट्रोनिक आरन सेट, वित्तीय साक्षरता र सचेतना लगायतका तालिम कार्यक्रम ८७० भन्दा बढीलाई प्रदान गरिएको छ ।

(४४) सहकारी विभागले लागु गरेको (COPOMIS) प्रणालीमा २६ ओटा सहकारी संस्थाले आवश्यक तथ्याङ्क सहित प्रगति पेश गर्ने गरेका छन। वार्षिक रुपमा सहकारी संस्थाहरुको स्थलगत अनुगमन गरी सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने गरिएको छ साथै उत्कृष्ट सहकारी संस्था छनौट गरी उत्कृष्ट सहकारी संस्थालाई वार्षिक रुपमा पुरस्कृत गरिएको छ।

(४५) मध्यविन्दु नगरपालिका वडा नं १५ मा केरा फाईवर निकासी तथा गडयौला मल उत्पादन गरिएको छ। महिलाहरुका लागि हस्तकला, सिलाइ कटाई लगायतका व्यवसायिक तालिम प्रदान गरी स्वरोजगारमा जोड दिइएको छ।

(४६) नगरपालिकाको मुख्य प्रशासनिक भवनमा नागरिक सेवा केन्द्रको स्थापना गरिएको छ । यस केन्द्रको स्थापनाले सेवाग्राहीलाई **सहज र आरामदायी वातावरणमा** सेवा लिन सहयोग पुग्नुको साथै सेवाग्राही **सन्तुष्टि र सुशासनमा पनि महत्वपूर्ण टेवा मिलेको छ ।**

**सभाका सदस्यज्यूहरु,**

उल्लेखित पृष्ठभूमिबाट म मध्यविन्दु नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त र नीतिहरू, दिगो विकासका लक्ष्य, सङ्घीय सरकार र गण्डकी प्रदेश सरकारका नीति, कार्यक्रम तथा बजेट, सोह्रौं योजना, नगरपालिकाको आवधिक योजना, नगरका मौलिक विशेषता र नगरवासीको आकाङ्क्षा, राजनीतिक दल, विषयगत समितिका सुझाव, टोल तथा वडास्तरबाट प्रतिविम्वित जनताका चाहना र नागरिक समाजबाट प्राप्त सुझाव, विगतका कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाइलाई मुख्य आधार मानी प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

मानवीय मूल्यसहितको गुणस्तरीय शिक्षामा समन्यायिक पहुँच, गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा, पूर्वाधार निर्माण, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि, खानेपानीमा पहुँच, रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, दिगो विकासको

स्थानीयकरण एवम् सुशासनलाई मुख्य प्राथमिकतामा राखी यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु । क्षेत्रगत रूपमा यो नीति तथा कार्यक्रमले देहायको विषयलाई प्राथमिकतामा राखेको छ।

(क) मानवीय मूल्यसहितको गुणस्तरीय शिक्षामा समतामूलक पहुँच
(ख) गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच
(ग) दिगो एवम् गुणस्तरीय भौतिक पूर्वाधार निर्माण
(घ) कृषि तथा पशुपालन क्षेत्रको आधुनिकीकरण र बजारीकरण
(ङ) उद्यमशील रोजगार सिर्जना र आयआर्जन वृद्धि
(च) पर्यटकीय गन्तव्यको पहिचान, संरक्षण र प्रवर्द्धन
(छ) वन, जैविक विविधता तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन
(ज) सन्तुलित, समन्यायिक र समावेशी विकास
(झ) सुशासन अभिवृद्धि र सार्वजनिक सेवामा सुधार ।

**सभाका सदस्यज्यूहरु,**

अव म मध्यविन्दु नगरपालिकाको यस सम्मानित नगरसभाको सत्रौ अधिवेसन समक्ष आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

**(१) आर्थिक विकास**

**कृषि तथा पशुपन्छी विकास**

१. **"खेतबारीमा प्राविधिक सेवा, उत्पादनमा टेवा"** भन्ने नारालाई मूर्त रूपमा कार्यान्वयन गराउन कृषकका खेतबारीमै प्राविधिक सेवा पुऱ्याइनेछ। सञ्चारका विभिन्न माध्यममार्फत प्राविधिक सूचना, बाली रोग र कीराहरु, स्वस्थ्यकर उत्पादनको उपयोग सम्बन्धी श्रव्यदृश्य सामग्री उत्पादन तथा प्रसारण गरिनेछ। कृषिका कार्यक्रमलाई थप परिष्कृत, व्यवस्थित र परिणाममुखी बनाउन **"कृषि मेरो पेशा, मेरो आवश्यकता"** कार्यक्रमको सुरुवात गरिनेछ।

२. **"सशक्त कृषक, आधुनिक कृषि"** भन्ने मूल मर्मलाई साकार पार्न नगर क्षेत्रभित्र कृषि आधुनिकीकरण तथा यान्त्रीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ। तरकारी, खाद्यान्न, फलफूल, च्याउ र मह जस्ता कृषि उपजको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै आत्मनिर्भर मध्यविन्दु नगरपालिका निर्माण गर्ने लक्ष्यसहित आगामी वर्षलाई **"मध्यविन्दु कृषि आधुनिकीकरण तथा यान्त्रीकरण वर्ष"** को रूपमा घोषणा गरिनेछ।

३. युवाहरूलाई कृषि पेशातर्फ आकर्षित गर्दै कृषि व्यवसायलाई प्रतिस्पर्धी र व्यवसायिक बनाउने उद्देश्यले कृषक, समूह, समिति र सहकारीसँगको सहकार्यमा **"कृषकसँग मध्यविन्दु"** कार्यक्रम सञ्चालन गरिनेछ। खेतीयोग्य जमिन नभएका विपन्न तथा गरिब किसान र युवाहरुलाई व्यवसायिक कृषिमा आकर्षित गर्दै खेती गर्नका लागि भाडामा लिइएको जमिनको भाडा रकमको निश्चित प्रतिशत अनुदान प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

४. **"स्वस्थ माटोको साथ, उत्पादन वृद्धिको सुरुवात"** भन्ने नारासहित माटो परीक्षण, माटोको अम्लीयता तथा क्षारीयता सुधार गर्न कृषि चुन वितरण गरिनेछ। कृषकहरूलाई प्राविधिक समस्या समाधान तथा आवश्यक परीक्षण सेवाहरू सहज पहुँचमा उपलब्ध गराउन कृषि तथा पशु परीक्षण प्रयोगशालाको स्तरोन्नति गरिनेछ।

५. **"स्थानीय स्रोत-साधनको सदुपयोग, प्राङ्गारिक मलको प्रयोग"** भन्ने मान्यताअनुसार स्थानीय स्रोतसाधन प्रयोग गरी प्राङ्गारिक र गड्यौले मल उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। सरसफाई प्रवर्द्धन केन्द्रमा रहेको मल उत्पादन एकाईलाई प्राङ्गारिक मल स्रोतकेन्द्रको रुपमा विस्तार गरिनेछ।

६. सहभागितामूलक गुणस्तर निर्धारण प्रणालीमार्फत मध्यविन्दु-१४ लाई "जैविक वडा" को रूपमा विकास गरिनेछ। हानिकारक रासायनिक विषादीको प्रयोग न्यूनीकरण गर्न र प्राकृतिक तथा जैविक विधिको विस्तारका लागि किसानहरूलाई अनुदानमा जैविक सामग्री तथा विषादी वितरण गरिने कार्यक्रम प्रारम्भ गरिनेछ।

७. कृषकहरूको सीप र दक्षता अभिवृद्धिका लागि आवश्यकता पहिचान गरी सोअनुरूपका विभिन्न तालिम, गोष्ठी, प्रदर्शनी प्लट तथा अध्ययन भ्रमण कार्यक्रमहरू सञ्चालन गरिनेछ। कृषि तथा पशुपन्छी प्रदर्शनीमा सहभागिताको सहजीकरणका लागि मेला महोत्सव आयोजकहरूसँग सहकार्य गरिनेछ।

८. **"कृषि उत्पादनको मूल आधार, सिँचाइ प्रणालीमा सुधार"** भन्ने ध्येयअनुरूप सिंचाइ सुविधा नपुगेका क्षेत्रहरूमा सिंचाइ सुविधा पुऱ्याउन संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ। नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीलाई प्राथमिकता दिइनेछ।

९. स्थानीय उत्पादनको प्रशोधन, गुणस्तर सुनिश्चितता, ब्राण्डिङ, लेवलिङ तथा प्याकेजिङमार्फत बजारीकरण प्रक्रिया सहज बनाइनेछ। कृषि सहकारीहरुको सहकार्यमा कृषि उपज संकलन केन्द्र तथा बजार क्षेत्रमा स्थानीय उत्पादन बिक्री कक्ष सञ्चालनमा ल्याइनेछ।

१०. **"'उत्पादन साथमा, अनुदान हातमा"** भन्ने नारालाई व्यवहारमा उतार्ने उद्देश्यले स्थानीय कृषि-पर्यावरणीय अनुकूलता र तुलनात्मक लाभका आधारमा उच्च मूल्य प्राप्त हुने तरकारी, प्याज तथा मसला बाली उत्पादन क्षेत्रहरू पहिचान गरिनेछ। उत्पादन वृद्धि र व्यावसायिक कृषक प्रोत्साहनका लागि उत्पादन क्षेत्रमा आधारित अनुदान कार्यक्रम लागू गरिनेछ।

११. केरा, कागती र तरकारी उत्पादन जस्ता नगरक्षेत्रभित्र उत्पादनको सम्भाव्यता भएका तथा खेती हुदै आएका बालीहरूको पकेट क्षेत्र विकास गर्दै **एक वडा एक उत्पादन कार्यक्रम**लाई निरन्तरता प्रदान गरिनेछ।

१२. संघीय सरकारबाट कृषि बीमामा अनुदान प्रवाह हुने तर कृषकहरुले क्षतिका कारण सधै समस्यामा पर्ने अवस्थालाई न्यूनीकरण गर्न विभिन्न सेवा प्रदायक संस्थाको सहकार्यमा कृषकहरुले लगाएको कृषि बाली तथा पशुधनको बीमाको जनचेतना अभिवृद्धि गर्दै कृषि तथा पशुपन्छी बीमा कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि दुवै पक्षलाई सहज वातावारण निर्माण गर्न सहजीकरण गरिनेछ ।

१३. स्वस्थ पशुपालन र स्वस्थकर पशुजन्य उत्पादनमा जोड दिइनेछ। दुग्ध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गर्नुका साथै उत्कृष्ट कृषकलाई सम्मान गरिनेछ ।

१४. राष्ट्रिय कृषि अनुसन्धान केन्द्रद्वारा सिफारिस गरिएका उन्नत नश्लका पशु भित्र्याउने कार्यलाई प्राथमिकता दिइनुका साथै नियमित रूपमा कृषि तथा पशु कृषकबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. पशुहरूमा देखापर्ने विभिन्न रोगहरूलाई न्यूनीकरण गर्दै स्वस्थ पशु उत्पादनमा वृद्धि गर्न निशुल्क रूपमा अनिवार्य खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै, मानिसबाट पशुमा र पशुबाट मानिसमा सर्ने जुनोटिक रोग सम्बन्धमा विभिन्न माध्यमबाट जनचेतना अभिवृद्धि गरिनेछ।

१६. उन्नत जातका पशुहरूको उत्पादकत्व वृद्धि गर्न नश्ल सुधार गर्दै घाँसमा आधारित पशुपालन प्रवर्द्धन गरिनेछ । पशुपंक्षी पालनको क्षेत्रमा आधुनिकीकरण गर्दै कृषक/कृषक समुह/फार्म/सहकारी संस्थाहरुलाई मागको आधारमा यान्त्रिकरण वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

१७. पशु उपचार सेवामा गुणस्तरीय पहुँच विस्तार गर्न आवश्यकताका आधारमा निशुल्क पशु स्वास्थ्य शिविर साथै दुग्ध उत्पादन तथा कृषि सहकारीहरूसँग समन्वय गर्दै बाँझोपन निवारण, थुनेलो रोगको रोकथाम तथा न्यूनीकरण सम्बन्धी घरदैलो शिविर सञ्चालन गरिनेछ।

१८. पशु सेवा प्रसार कार्यलाई विस्तार गर्दै मध्यविन्दु ३ र १० मा रहेका पशु सेवा सम्पर्क केन्द्रको सुदृढीकरण गर्दै आकस्मिक रूपमा देखापर्ने रोगहरूको उपचार तथा रोकथामको लागि पशुपंक्षीको आकस्मिक रोग उपचार सेवालाई निरन्तरता दिइनेछ।

१९. घरपालुवा कुकुरहरूको तथ्याङ्क अद्यावधिक गरी मानव स्वास्थ्य तथा वातावरणसँग जोडिएको रेबिज रोगलाई न्यूनीकरण गर्दै लैजान सामुदायिक कुकुरहरुलाई निशुल्क खोप तथा बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२०. बाख्रापालन तथा माछा व्यवसायलाई थप व्यवस्थित र दिगोपना प्रदान गर्ने गरी आधुनिक बाख्राको खोर निर्माण विस्तार, पुराना पोखरीहरुको मर्मत तथा सुधारका साथै कृषक क्षमता अभिवृद्धिको कार्यक्रमलाई अझ प्रभावकारी बनाउँदै निरन्तरता दिईनेछ।

२१. कृषि तथा पशुपालन व्यवसायलाई सम्मानित पेशाको रुपमा अभिवृद्धि गर्न व्यवसायिक रुपमा कृषि तथा पशुपालन व्यवसाय सञ्चालन गर्ने कृषक/समूह/सहकारीहरुलाई उकृष्टताको आधारमा सम्मान गरिनेछ। उत्कृष्ट कृषक, समूह तथा सहकारीलाई प्रविधि प्रसार तथा अनुसन्धानात्मक कार्यमा सरिक गराइनेछ ।

२२. न्यून जीवनस्तर भएका कृषकहरूको आय स्तरमा वृद्धि गर्न साझेदारीमा सामुदायिक वन तथा पर्ति जग्गामा सामुहिक घाँस खेती विस्तार गर्ने नीति लिइनेछ। साथै स्थानीय जातको गाई/गोरुको संरक्षण तथा प्रवर्धन गरिनेछ ।

**सहकारी, उद्यमविकास र पर्यटन**

२३. सहकारीताको मूल्य, मान्यता र सिद्धान्तअनुरूप सदस्यकेन्द्रित व्यवसाय, आत्मनिर्भरता, स्वावलम्बनको विकास र स्वनियन्त्रणलाई प्राथमिकता दिँदै सहकारी संस्थाहरूको संस्थागत क्षमता विकास र सुशासनलाई प्रवर्द्धन गरिनेछ।

२४. सहकारी संस्थाको अनुगमन तथा नियमनलाई प्रभावकारी बनाइनेछ। कानूनविपरीतका गतिविधि एवम् कारोबार पाइएमा शून्य सहनशीलताको नीति अपनाई कारबाही गरिनेछ। यसका साथै, वार्षिक रूपमा उत्कृष्ट सहकारीहरूलाई पुरस्कृत गरिनेछ।

२५. शिक्षा, स्वास्थ्य, सरसफाइ, वातावरण संरक्षण, वित्तीय साक्षरता, उद्यमशीलता, आरोग्य जीवनशैली जस्ता मानवीय विकासका कार्यक्रमहरू सञ्चालन गर्न सहकारीहरूलाई प्रोत्साहन गर्नुका साथै यस कार्यमा नगरपालिकाबाट आवश्यक सहकार्य गरिनेछ ।

२६. वित्तीय साक्षरता, नवप्रवर्तन तथा उद्यमशीलता रणनीतिअनुरूप स्थानीय स्रोत र साधन, सीप, प्रविधि र श्रममा आधारित उद्यम प्रवर्द्धनका लागि नगरभित्र व्यवसाय सञ्चालनका लागि लगानीमैत्री वातावरण तयार गरिनेछ। साथै, लघु उद्यम विकास कार्यक्रममार्फत श्रमिक, किसान, गरिब, अल्पसंख्यक तथा विपन्न वर्गका युवा तथा महिलाहरूलाई सीपमूलक तालिम प्रदान गरिनेछ।

२७. परम्परागत सीप र प्रविधिलाई संरक्षण गर्दै लघुउद्यम विकासमार्फत उत्पादित वस्तुको बजारीकरणका लागि विशेष प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ। परम्परागत प्रविधिलाई संरक्षण गर्दै उपयुक्त क्षेत्रमा आधुनिकीकरणमा जोड दिइनेछ र समूहमा आधारित लघुउद्यमलाई प्रोत्साहन गरिनेछ।

२८. उपभोक्ताको हकहित संरक्षण गर्न कालोबजारी, अस्वस्थ प्रतिस्पर्धा तथा सिन्डिकेटलाई निरुत्साहित गर्दै गुणस्तरीय वस्तु तथा सेवाको उत्पादन, वितरण, बजारीकरण एवम् उपभोगलाई सुनिश्चित गरिनेछ। यसका लागि नियमित बजार अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाइनेछ।

**सभाका सदस्यज्यूहरू,**

२९. नगरपालिकाले आफ्नो विशिष्ट भौगोलिक अवस्थितिलाई चिनारी गर्दै पूर्व-पश्चिम राजमार्गको मध्यभागमा मध्यविन्दु स्तम्भसहितको व्यवस्थित पार्क निर्माण गरी उक्त स्थानलाई राष्ट्रियस्तरको एक आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गरिनेछ । यसका साथै, नारायणी तटीय क्षेत्र र सेन राजा भग्नावसेस दरबार घडेरी थुम्काको अध्ययन एवम् संरक्षण गर्नुका साथै सुहाँरीघाट र सोलीघोप्टे डाँडालगायत पहाडी क्षेत्रका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूलाई जोड्दै विशिष्ट पर्यटकीय गन्तव्यहरूको रूपमा प्रवर्द्धन गरिनेछ।

३०. समुदायको मौलिक कला, संस्कृति, भाषा र परम्पराहरूको जगेर्ना गर्दै आर्थिक उन्नतिको लागि सामुदायिक होमस्टेको स्थापना, संरक्षण र सञ्चालन गरी स्वरोजगारमा वृद्धि गरिनेछ।

३१. पर्यटन क्षेत्रमा आधारित रोजगारी सिर्जनाका लागि पर्यटन क्षेत्रको विविधीकरण र विस्तार गरिनेछ। आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने गरी नगरपालिकाभित्र ठूला तथा मझौला लगानीका होटल, रिसोर्ट तथा व्यवसायहरू सञ्चालनका लागि अनुकूल वातावरण तयार गरिनेछ।

३२. वन्यजन्तु तथा जलचरहरूको संरक्षण र सुरक्षाको उचित प्रबन्ध गर्दै नारायणी नदीमा जलयात्रा सञ्चालनका लागि प्रोत्साहन र सहजीकरण गरिनेछ। साथै, नगरपालिकाभित्रका उपयुक्त स्थानहरू पहिचान गरी पहाडी क्षेत्र र नारायणी किनार क्षेत्रमा पार्क निर्माण तथा स्तरोन्नति गरिनेछ।

३३. अन्तर-स्थानीय तहसँग समन्वय गरी पदमार्गको पहिचान र विकासको कार्य थालनी गरिनेछ। यस कार्यलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग जोड्दै पदमार्ग विकास गरिनेछ ।

३४. स्वदेश तथा विदेशका स्थानीय तह वा शहरहरूसँग भगिनी सम्बन्ध स्थापना गर्दै कला, संस्कृति आदानप्रदानका साथै पर्यटन तथा आर्थिक क्षेत्रको विकासमा सहकार्य गर्ने नीति लिइनेछ।

**खानेपानी तथा सिँचाई**

३५. नगरपालिकाभित्र शुद्ध खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) योजना तयार गरी संघ र प्रदेश सरकारसँगको समन्वयमा स्वच्छ खानेपानी आपूर्तिका लागि परियोजनाहरू सञ्चालन गरिनेछ। यसबाट 'एक घर एक धारा' नीतितिर निरन्तर अघि बढिनेछ। साथै, खानेपानीका स्रोतहरूको गुणस्तर परीक्षण गरी आवश्यकताअनुसार शुद्धीकरणको व्यवस्था मिलाइनेछ।

३६. 'खेतबारी सारा सिँचाइ हराभरा' कार्यक्रम अन्तर्गत नगरपालिकाको कृषि उत्पादन क्षेत्रमा सिँचाइ, बाँध, नहर र सिँचाइ बोरिङको स्थापना, मर्मत तथा सञ्चालन गरिनेछ। सिँचाइ, बाँध र बोरिङको सम्भावना नभएका स्थानहरूमा पोखरी निर्माण (वाटर हार्भेस्टिङ) तथा लिफ्टिङ सिँचाइको सम्भाव्यता अध्ययन गरिनेछ।

**गैर-सरकारी संस्था र सामाजिक संस्थाहरु**

३७. स्थानीय स्तरमा सामाजिक सशक्तीकरणलाई बढावा दिन, सामाजिक संघ/संस्थाहरूको दर्ता प्रक्रियालाई थप व्यवस्थित गर्दै लगिनेछ। यसका साथै, त्यस्ता संघ/संस्थाहरूले कुनै पनि कार्यक्रम सञ्चालन गर्नुअघि नगरपालिकासँग अनिवार्य अनुमति लिनुपर्ने व्यवस्थालाई कडाईका साथ पालना गर्ने प्रबन्ध मिलाइनेछ।

३८. स्थानीय विकासमा साझेदारी अभिवृद्धि गरी दिगो र समावेशी नतिजाहरू हासिल गर्न सामाजिक, आर्थिक र पूर्वाधार विकासका कार्यहरूमा गैरसरकारी संस्थाहरूसँगको सहकार्यलाई प्राथमिकता दिइनेछ। विशेषगरी शिक्षा, स्वास्थ्य र वातावरण संरक्षण जस्ता क्षेत्रमा उत्कृष्ट कार्य गर्ने गैरसरकारी संस्थाहरूलाई थप प्रोत्साहन गरिनेछ।

३९. गैर सरकारी संस्थावाट सञ्चालन हुने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, उत्तरदायी तथा जवाफदेही बनाउन नगरपालिकाको संस्था दर्ता ऐन, २०८० ले गरेको व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ।

**श्रम तथा रोजगार**

४०. संघ तथा प्रदेश सरकारसँगको समन्वयमा सूचिकृत बेरोजगार नागरिकहरूलाई विभिन्न सीपमूलक तालिममार्फत क्षमता अभिवृद्धि गरिनेछ। यसबाट उनीहरूलाई स्थानीय सामाजिक तथा भौतिक विकासका आयोजनाहरूमा श्रमिकका रूपमा प्राथमिकताका साथ सहभागी गराइनेछ ।

४१. वैदेशिक रोजगारीको क्रममा अङ्गभङ्ग भएका, गम्भीर प्रकृतिका बिरामी परेका वा मृत्यु भएका व्यक्ति तथा तिनका परिवारलाई वैदेशिक रोजगार बोर्डबाट प्राप्त हुने आर्थिक सहायताका लागि आवश्यक सहयोग तथा सहजीकरण गरिनेछ। यसका साथै, अनलाइन श्रम स्वीकृतिका लागि भइरहेको सहजीकरणलाई थप प्रभावकारी बनाइनेछ।

४२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग अनुरूपका सीप र कामका लागि श्रम संसार पोर्टल मार्फत रोजगारी खोज्ने, रोजगारी प्रदान गर्ने र विभिन्न प्रकारका सीपमूलक तालिम सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहजीकरण गरिनेछ। साथै, सीपमूलक तालिम लिएर मात्रै वैदेशिक रोजगारीमा जाने वातावरण तयार गरिनेछ।

४३. संघ तथा प्रदेश सरकारसँगको समन्वय र लागत साझेदारीमा सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना प्रवाह, सीप अभिवृद्धि, मनोसामाजिक परामर्श र वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको समुचित उपयोगका लागि वित्तीय साक्षरतालगायतका सेवाहरू प्रदान गरिनेछ। यसबाट आप्रवासी कामदार तथा तिनका परिवारको अधिकार सुनिश्चित गरिनेछ।

४४. **'विदेशको अनुभव, स्वदेशमा पौरख'** अभियानमार्फत वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरूलाई स्वदेशमै लगानी र उद्यम स्थापना गरी **रोजगारी सिर्जनाकर्ता (Job Creator)** बनाउन सूचना प्रविधि, व्यापार, व्यवसायसँग सम्बन्धित सीप विकास तालिम लगायतका उद्यमशीलता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## (२) सामाजिक विकास

**शिक्षा, युवा तथा खेलकुद**

४५. "गुणस्तरीय शिक्षा, समृद्ध मध्यविन्दुको प्रतिज्ञा" लाई साकार पार्न शिक्षकको निरन्तर व्यावसायिक क्षमता विकासका लागि आवश्यकतामा आधारित तालिम एवम् क्षमता विकास, विषयगत शिक्षक सञ्जाल गठन तथा परिचालन, अन्तरविद्यालय अनुभव आदानप्रदान, प्रविधिमैत्री सिकाइ वातावरणको निर्माण, स्थानीय पाठ्यक्रमलाई जीवनोपयोगी हुने गरी परिमार्जन गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ।

४६. विद्यालय शिक्षालाई गुणस्तरीय, पहुँचयोग्य, प्रतिस्पर्धी एवम् जीवनोपयोगी बनाउनका लागि विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा ल्याउने, सिकाउने र टिकाउने कार्यलाई योजनाबद्ध रूपमा अगाडि बढाइनेछ। यसका लागि छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक र विपन्न लक्षित सहयोग जस्ता कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ।

४७. शैक्षिक सत्र २०८१ देखि शिक्षा क्षेत्रको नवीनतम कार्यक्रमको रूपमा कार्यान्वयनमा ल्याइएको मानवीय मूल्य, असल सम्बन्ध र व्यवहार कुशल सिपसँग सम्बन्धित मानव मूल्य र संस्कार सहितको हाम्रो खुसी पाठ्यक्रमको कार्यान्वयनबाट सकारात्मक नतिजा हासिल भएका छन् । उक्त कार्यक्रमलाई थप प्रभावकारी बनाउन शिक्षकको क्षमता विकास, सिकाइ अनुभव आदानप्रदान, असल अभ्यासको प्रसारण, कक्षाकोठामा आधारित प्राविधिक सहयोग, सिकाइ सामग्रीमा सुधार जस्ता क्रियाकलापहरू सञ्चालन गरी समग्र विद्यालय शिक्षाको गुणस्तर सुधारमा यसलाई उपयोगमा ल्याइनेछ ।

४८. खुसी कार्यक्रमको प्रवर्द्धन र खुसी पाठ्यक्रमलाई देशव्यापी रूपमा प्रचार प्रसार गर्ने उद्देश्यले संघीय, प्रदेश र अन्य स्थानीय तहहरूसमेतको सहभागितामा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गर्नुका साथै नगरपालिकालाई शिक्षा क्षेत्रको असल अभ्यासको क्षेत्रमा अवलोकन भ्रमणको केन्द्रको रूपमा स्थापित गरिनेछ । अभिभावक, विद्यार्थी, शिक्षकलगायतका सरोकारवालाहरूको धारणा सर्वेक्षण गरी प्रभावको विश्लेषणमार्फत अझ सुदृढ बनाउँदै लगिनेछ ।

४९. गणित र विज्ञान विषयको सिकाइलाई व्यावहारिक तथा अर्थपूर्ण बनाई समग्र विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा टेवा पुऱ्याउने उद्देश्यले चालु आ.व. मा सम्पन्न गरिएको नमूना गणित/ विज्ञान प्रयोगशालामा सामग्रीहरू थप गर्नुका साथै सञ्चालन कार्यविधि तयार गरी अधिकतम उपयोग सुनिश्चित गरिनेछ ।

५०. प्रारम्भिक बालविकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गरी अनुकूल सिकाइ वातावरण सिर्जना गर्न बालविकास केन्द्रको पुनर्वितरण, समायोजन गरी सबै सामुदायिक विद्यालयमा बालविकास कक्षाको प्रबन्ध मिलाइनेछ । बालविकास कक्षा नभएका विद्यालयहरूमा साझेदारीमा बालविकास कक्षाको व्यवस्थापन गर्न सहयोग गरिनेछ।

५१. विद्यार्थीहरूको सिर्जनात्मक प्रतिभा प्रस्फुटन गराउन र आन्तरिक मूल्यांकनमा परियोजना कार्यको सार्थक कार्यान्वयनमा टेवा पुऱ्याउन खुसी शुक्रबार कार्यक्रमलाई थप प्रभावकारी बनाई सञ्चालन गरिनेछ। अतिरिक्त क्रियाकलाप एवम् विषयगत शैक्षिक प्रदर्शनीको आयोजना गरी शिक्षक विद्यार्थीको सिर्जनात्मक प्रतिभा प्रस्फुटनमा टेवा पुऱ्याइनेछ ।

५२. विद्यालयको समग्र पक्षको विकासका लागि आवश्यकताको पहिचान गर्न सूचकको विकास गरिनेछ । सूचकमा आधारित रही सामुदायिक र संस्थागत दुवै प्रकारका विद्यालयहरूको अनुगमन, नियमन तथा स्तरीकरण गरी सुधारका पक्षहरूको किटान गर्नुका साथै शैक्षिक सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण गरिनेछ।

५३. विद्यालयहरूको भौतिक पूर्वाधारमा समयानुकुल सुधार ल्याई अनुकुल सिकाइ वातावरण सिर्जना गर्न आवश्यकतामा आधारित रही भौतिक तथा शैक्षिक पूर्वाधार विकास, मर्मत सम्भार एवम् शैक्षिक सामग्री व्यवस्थापन जस्ता कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालनमा ल्याइनेछ । आधारभूत विद्यालयहरूमा कम्प्युटर प्रिन्टर व्यवस्थापनमा सहयोग गरिनेछ।

५४. विद्यालयको समग्र नतिजाप्रति प्रधानाध्यापक र विषयगत नतिजाप्रति शिक्षकलाई जिम्मेवार बनाउने व्यवस्था गरिनेछ। शिक्षा महाशाखा र प्रधानाध्यापकबीच गरिएको कार्यसम्पादन करारको उपलब्धिको समीक्षा गरी सो अनुसार प्रोत्साहन र आवश्यक सुधार गर्दै लगिनेछ।

५५. विद्यालयहरूको दरबन्दी वितरण र मिलान एवम् विद्यालय तथा कक्षा समायोजन कार्यलाई प्राथमिकतासाथ सञ्चालन गरी दरबन्दी कम भएका विद्यालयहरूमा शिक्षक व्यवस्थापन गर्न शिक्षण सहयोग अनुदान प्रदान गरिनेछ । १४ नं. वडाको निशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५६. सबै बालबालिकाहरूले समान खालको शिक्षा प्राप्त गर्न सहयोग गर्ने उद्देश्यले कक्षा १ देखि ५ सम्मका अंग्रेजी माध्यमका पाठ्यपुस्तक निशुल्क व्यवस्थापन गर्न प्रति विद्यार्थीका आधारमा विद्यालयहरूलाई अनुदान दिने कार्यलाई निरन्तरता दिइनेछ । अंग्रेजी माध्यम शिक्षणका लागि शिक्षक तयारी गर्न क्षमता विकास कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ ।

५७. प्रधानाध्यापक लगायत विषयगत सरोकारवालाहरूको नियमित बैठक, विद्यालय सुपरीवेक्षण तथा कार्यक्रम अनुगमन र शिक्षासम्बन्धी ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको परिमार्जन गर्नुका साथै नीति नियमहरूको पूर्ण पालनामा जिम्मेवार बनाइनेछ । सार्वजनिक सुनुवाई, सामाजिक र कानुनी लेखापरीक्षणलाई प्रभावकारी बनाउनुका साथै क्रमश सबै विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था गरिनेछ।

५८. नगरपालिकाभित्र सञ्चालित क्याम्पसहरूलाई गुणस्तरीय उच्च शिक्षाका लागि सक्षम बनाउन आवश्यकतामा आधारित सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ।

५९. युवाहरूमा बढ्दो लागू पदार्थ दुर्व्यसनको प्रवृत्तिलाई निरुत्साहित गर्न सुरक्षा निकाय, निजी क्षेत्र र विभिन्न संघसंस्थाहरूसँगको सहकार्यमा सशक्त निवारणात्मक कार्यक्रमहरू तयार गरी कार्यान्वयनमा ल्याइनेछ। यसका लागि युवा सञ्जाल र क्लबहरू लाई परिचालन गरी युवा लक्षित विभिन्न सचेतना र सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६०. युवाहरूलाई उद्यमशील बनाउन र स्वरोजगारका अवसरहरू सिर्जना गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। यस अन्तर्गत व्यवसायिक तालिम, सीप विकास र बजारीकरणमा सहयोग लगायतका प्याकेजहरू उपलब्ध गराइनेछ।

६१. युवाहरूलाई नगर विकासमा सहभागी गराई उनीहरूको क्षमता प्रस्फुटनमा मद्दत गर्नुका साथै व्यवसायिक क्षमता, व्यवसायिकता र उद्यमशीलताका लागि **युवा सम्मेलन** (Youth Summit) कार्यक्रम सञ्चालन गरिनेछ ।

६२. युवाहरूको स्वस्थ्यकर जीवनशैलीलाई प्राथमिकता दिँदै शारीरिक, मानसिक र सामाजिक स्वास्थ्य प्रवर्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। यसमा मनोसामाजिक परामर्श सेवा, योग र ध्यान कार्यक्रम, खेलकुद तथा मनोरञ्जनका अवसरहरूको विस्तार र सकारात्मक जीवनशैली प्रवर्धनसम्बन्धी सचेतना अभियानहरू समावेश गरिनेछ।

६३. नगरपालिकाको नीति निर्माणमा युवाको सहभागिता बढाउन युवा नगारिक संवादको कार्यक्रम शुरूवात गर्नुका साथै युवालाई स्वयमसेवीको भावना विकास गर्न युवा स्वयमसेवक परिचालन कार्यविधि तयार गरी लागू गरिनेछ ।

६४. प्रत्येक विद्यालयमा एक जना खेलकुद शिक्षक तोकी उनीहरूको क्षमता विकास गरिनेछ। यसले विद्यार्थीहरूलाई शारीरिक रूपमा सुसंगठित गर्न र प्रदेश तथा राष्ट्रिय स्तरका प्रतियोगिताहरूमा उत्कृष्ट नतिजा ल्याउन सक्ने खेलाडी उत्पादन गर्न मद्दत पुग्नेछ। विद्यालयहरूकै नेतृत्वमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई थप व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

६५. विद्यालयहरूमा योग शिक्षक, खेलकुद शिक्षक र मनोसामाजिक परामर्श फोकल पर्सन तोकी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ। योग र खेलकुदलाई विद्यालय शिक्षा प्रणालीको अभिन्न अंगका रूपमा अगाडि बढाउन प्रोत्साहन गरिनेछ, जसले विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा टेवा पुग्नेछ।

६६. नगरभित्र रहेका क्लब, विभिन्न खेल संघहरू, रेफ्री, खेलाडी, प्रशिक्षक लगायत सम्पूर्णको दर्ता, अनुमति, नवीकरण र अभिलेखीकरणको व्यवस्था गरिनेछ। उनीहरूको क्षमता विकासका लागि तालिम, प्रशिक्षण र अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरिनुका साथै खेलाडी सम्मान कार्यक्रमहरू पनि आयोजना गरिनेछ। यसका अतिरिक्त, प्राचीन तथा लोपोन्मुख खेलहरूको संरक्षण र प्रवर्धनका लागि विशेष कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ।

६७. खेलकुद कार्यक्रमको पहुँचलाई विस्तार गर्न विद्यालयस्तरीय, क्लबस्तरीय, वडास्तरीय र पालिकास्तरीय विभिन्न खेल प्रतियोगिताहरू सञ्चालन गरिनेछ। उमेर समूह अनुसारको खेल प्रशिक्षणको व्यवस्था गरी खेलकुद क्षेत्रतर्फको आकर्षणमा वृद्धि गर्दै लगिनेछ।

६८. नगरभित्रका खेलाडी, प्रशिक्षक, रेफ्री, क्लब, वडा खेलकुद समिति, विद्यालय स्पोर्ट्स क्लब, खेल संघहरू लगायत सम्पूर्णलाई अनुशासित र मर्यादित बनाई समृद्ध नगर विकासको अभियानमा जोड्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। उत्कृष्ट खेलाडीलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**सभाका सदस्यज्यूहरू,**

**स्वास्थ्य**

६९. प्रत्येक नागरिकको राज्यबाट गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्न प्रवर्धनात्मक र प्रतिकारात्मक सेवाहरूलाई प्रभावकारी रूपमा लागू गरिनेछ। सबै तहका स्वास्थ्य संस्थाहरूबाट तोकिएबमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

७०. पूर्णखोप स्थानीय तहको सुनिश्चिततालाई निरन्तरता दिँदै किशोरकिशोरीमैत्री स्वास्थ्य संस्था, पोषणमैत्री स्वास्थ्य संस्था, पोषणमैत्री वडा र पोषणमैत्री स्थानीय तह घोषणाका लागि योजनाबद्ध पूर्व तयारीका कार्यहरूलाई निरन्तरता दिइनेछ। सुरक्षित मातृत्व, बालस्वास्थ्य, किशोरकिशोरी तथा प्रजनन स्वास्थ्य, प्रौढ तथा ज्येष्ठ नागरिक लगायतका सेवाहरू सबै स्वास्थ्य संस्थाहरूबाट प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।

७१. मध्यबिन्दु नगर अस्पतालको भवन निर्माण कार्य सम्पन्न हुने चरणमा रहेकोले अस्पतालको सेवा विस्तार र गुणस्तर अभिवृद्धिका लागि जनशक्ति व्यवस्थापन, आधुनिक उपकरणको प्रबन्ध तथा भौतिक पूर्वाधार निर्माणलाई विशेष प्राथमिकता दिइनेछ। यसका साथै, नगर अस्पतालमा रक्तसञ्चार केन्द्र (ब्लड बैंक) स्थापना गरिनेछ। आगामी दिनमा दन्त सेवा, फिजियोथेरापी सेवा र विशेषज्ञ चिकित्सकीय सेवाहरू थप गर्दै लगिनेछन्।

७२. ज्येष्ठ नागरिकहरूलाई उनीहरूको विशिष्ट स्वास्थ्य आवश्यकता अनुरूप सहज, सुलभ एवम् सम्मानजनक स्वास्थ्य सेवा उपलब्ध गराउन नगर अस्पतालमा **'ज्येष्ठ नागरिक स्वास्थ्य उपचार कक्ष'** (Elder Health Caring Room) सञ्चालन गरिनेछ।

७३. **'स्वस्थ शहर, कुपोषणरहित नगर'** कार्यक्रमअन्तर्गत ६ महिनादेखि ५९ महिनासम्मका बालबालिकाहरूको पोषण व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ। बहुक्षेत्रीय पोषण योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुका साथै नेपाल सरकारको तेस्रो बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयनका लागि लक्षित वर्ग पहिचान गरी पोषण विशेष तथा पोषण संवेदनशील कार्यक्रम सञ्चालन गरी पोषणमैत्री स्थानीय शासनलाई प्रवर्धन गरिनेछ। थारु समुदायमा देखापर्ने सिकलसेल एनिमियाको बारेमा सम्बन्धित समुदायमा बहस तथा पैरवी सुरु गरिनेछ।

७४. क्षयरोग, कुष्ठरोग, एच.आई.भी. एड्स तथा यौनरोग, मलेरिया, डेंगु, सिकलसेल एनिमिया, कालाजार जस्ता जनस्वास्थ्यसँग सम्बन्धित रोग नियन्त्रण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। नसर्ने रोगसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछन्। महामारी तथा आउन सक्ने रोगहरूको पहिचान, नियन्त्रण तथा उपचारका लागि स्वास्थ्यकर्मीसहितको द्रुत प्रतिकार्य टोली (Rapid Action Team) तयारी अवस्थामा राखी परिचालन गरिनेछ।

७५. स्वास्थ्य बीमा कार्यक्रमलाई सबै नागरिकको पहुँचमा पुर्‍याउन आवश्यक सहजीकरण गरिनेछ। विपन्न नागरिकको सूचीमा परेका परिवारलाई निःशुल्क बीमामा समावेश गरिनेछ। नगरभित्र बसोबास गर्ने माझी, मुसहर र बोटे समुदायका परिवारका लागि नगरपालिका मार्फत सञ्चालित निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७६. **'ज्येष्ठ नागरिकसँग नगर कार्यक्रम'** अन्तर्गत त्रैमासिक रूपमा स्वास्थ्य संस्थाबाट घरदैलोमा गई निःशुल्क स्वास्थ्य परीक्षण तथा रेखदेख गरिनेछ। साथै, नगरभित्र रहेका पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको मासिक स्वास्थ्य परीक्षण गरिनेछ।

७७. नगरपालिकाका विभिन्न स्थानमा विशेषज्ञसहितको एकीकृत स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछन्। नगरपालिकाभित्र सञ्चालित एम्बुलेन्स सेवालाई व्यवस्थित गर्दै छिटोछरितो र गुणस्तरीय सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। साथै, नगरपालिकामा निःशुल्क शव वाहन सेवालाई निरन्तरता दिइनेछ।

७८. मध्यबिन्दु-१० मा रहेको प्रादेशिक आयुर्वेद स्वास्थ्य केन्द्रसँगको समन्वयमा नगरपालिकाभित्र आयुर्वेद चिकित्साको सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ। सो केन्द्रसँगको समन्वयमा स्थानीय समुदायमा आयुर्वेद उपचारका लागि घुम्ती शिविर सञ्चालन गरिनेछ। स्वस्थ जीवनशैलीका लागि 'एक वडा, एक जीवन विज्ञान केन्द्र' स्थापना गरी योग, ध्यान र सकारात्मक सोचसम्बन्धी प्रशिक्षण सञ्चालन गरिनेछ। नगरपालिकाभित्र पाइने जडीबुटीको अनुसन्धान, पहिचान गरी निजी लगानीमार्फत जडीबुटी प्रशोधन केन्द्र स्थापनालाई प्रोत्साहन गरिनेछ।

७९. भौगोलिक विकटता, शैक्षिक तथा आर्थिक अवस्था कमजोर भएका बस्तीहरूमा रहेका गर्भवती आमा र बच्चाको स्वास्थ्य अवस्था पहिचान गरी मातृ-शिशु मृत्युदर घटाउनका लागि स्वास्थ्यकर्मीद्वारा ग्रामीण भिडियो एक्स-रे घुम्ती सेवा विस्तार गरिनेछ।

८०. आमा सुरक्षा कार्यक्रमअन्तर्गत गर्भवती जाँच, सुत्केरी जाँच, निःशुल्क क्याल्सियम, सुत्केरी पोषण खर्च, पहाडी भेगमा सुत्केरी यातायात खर्च, घरमा शून्य सुत्केरी कार्यक्रम, प्रसूति सेवाका लागि बर्थिङ सेन्टरको विस्तारलाई निरन्तरता दिइनेछ। साथै, महिला स्वयंसेविकाहरूलाई यातायात खर्च र बिदा हुने महिला स्वयंसेविकाहरूलाई पुरस्कार तथा प्रोत्साहनको व्यवस्था मिलाइनेछ।

८१. स्वास्थ्यकर्मीहरूलाई मनोसामाजिक परामर्शसम्बन्धी तालिम प्रदान गरी मानसिक स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। एच.आई.भी./एड्स र लागू पदार्थ दुर्व्यसन नियन्त्रणका लागि सरोकारवाला संघ संस्थाहरूसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

८२. जनस्वास्थ्य सेवा ऐन, २०७५ र जनस्वास्थ्य नियमावली, २०७७ बमोजिम नगरभित्र रहेका निजी अस्पताल, पोलिक्लिनिक, स्वास्थ्य क्लिनिकहरू अनिवार्य दर्ता र नवीकरण गर्ने व्यवस्था मिलाइनेछ। नगरभित्रका निजी तथा गैर-सरकारी क्षेत्रबाट सञ्चालित निदान केन्द्र, औषधी पसल, स्वास्थ्य क्लिनिक लगायतका स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन तथा नियमन गरी गुणस्तरीय र नियमित स्वास्थ्य सेवाको सुनिश्चितता गरिनेछ।

८३. नागरिकको आँखामा देखापर्ने सामान्य रोगदेखि गम्भीर प्रकारका सङ्क्रमण एवम् रोगहरूबाट प्रभावित भई अन्धोपनको अवस्था आउन नदिन आँखा उपचार सेवालाई थप व्यवस्थित एवम् प्रभावकारी कार्यान्वयनमा ल्याइनेछ। नगर अस्पताल परिसरभित्र विशेषज्ञसहितको आँखा उपचार केन्द्र/आँखा अस्पताल विस्तार गर्न विभिन्न ठाउँमा सञ्चालित ठूला आँखा अस्पताल/आँखा सेवा प्रतिष्ठानसँग समन्वय गरी सेवा विस्तार गरिनेछ र आवश्यकताका आधारमा नगरभित्र विभिन्न स्वास्थ्य संस्थाहरूमा आँखा उपचार केन्द्र विस्तार गर्रिँदै लगिनेछ।

८४. स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (DHIS-2), ई.टि.बि. र अनलाइन जिन्सी व्यवस्थापन सूचना प्रणाली (eLMIS) लाई व्यवस्थित गर्दै लगिनेछ। यसबाट स्वास्थ्य सूचक र औषधी लगायत अन्य सामग्रीको यथार्थ विवरण प्रविष्ट भई आगामी योजना बनाउन सहज हुनेछ।

८५. नगरपालिकाद्वारा विपन्न वर्गका नगरवासीका लागि आर्थिक सहयोग र मुटु, मृगौला तथा क्यान्सरका बिरामीहरूका लागि नेपाल सरकारको कार्यक्रममार्फत आर्थिक सहायताका लागि सहजीकरण तथा समन्वय गरिनेछ। मानिसहरूको स्वास्थ्य अवस्था सुधार गर्नका लागि हरेक घरको भान्छामा प्रयोग गरिने खाद्यान्न लगायत दैनिक उपभोग गरिने खाद्य वस्तुहरू विषादीरहित, स्वयं बनाइएका खाद्य परिकारहरू, रैथाने खानाहरू, ताजा तथा पौष्टिक खाना प्रयोगमा जोड दिँदै **'भान्छा सुधार कार्यक्रम'** सञ्चालन गरिनेछ।

### महिला, बालबालिका तथा समाज कल्याण

८६. महिला, एकल महिला, द्वन्दपिडित, विपन्न, दलित, जनजाति, अल्पसंख्यक, पिछडावर्ग, बेरोजगार महिला, र आर्थिक तथा सामाजिक रूपमा पछाडि पारिएका वर्गका महिलाका लागि सीप विकास तालिम, वित्तीय पहुँचमा वृद्धि, घरेलु

तथा साना उद्योग प्रवर्धन र सामूहिक उद्यम स्थापना गरी सञ्चालन गर्न सहयोग गर्ने गरी "**उपप्रमुखसँग महिला उद्यमशीलता र सशक्तीकरण कार्यक्रम**" सञ्चालन गरिनेछ।

८७. "कुरीतिमा शून्य सहनशीलता, सभ्य समाजको सुनिश्चितता" भन्ने कुरालाई आत्मसात गरी छुवाछुत, बालविवाह र बालश्रम जस्ता सामाजिक अपराध र कुरीति विरुद्ध शून्य सहनशीलताको नीति अबलम्बन गरिनेछ । यसका लागि व्यापक जनचेतना, निगरानी र कानुनी कारबाहीलाई प्रभावकारी बनाइनेछ।

८८. लैङ्गिक हिंसा, बालविवाह, घरेलु हिंसा, मानव बेचबिखन, छुवाछुत, जातीय विभेद र अन्य सामाजिक कुरीति तथा कुसंस्कार विरुद्ध व्यापक सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ। पीडितका लागि आश्रय, मनोसामाजिक परामर्श, न्यायिक सहायता र पुनःस्थापनाका सेवाहरू सहज रूपमा उपलब्ध गराइनेछ।

८९. बालमैत्री स्थानीय शासनलाई सुदृढ गर्दै बाल अधिकारको पूर्ण संरक्षण र प्रवर्धनका लागि बाल समन्वय केन्द्र, बाल हेल्पलाइन, बाल क्लब, बाल सञ्जाल, बाल संरक्षण समिति र बालमैत्री वडा तथा नगर समितिहरू को गठन तथा पुनर्गठन गरिनेछ। विभिन्न पक्षहरूसँगको समन्वय र सहकार्यमा सम्बत २०८४ सम्म नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने गरी वडाहरूलाई बालमैत्री घोषणा गर्ने गरी आवश्यक प्रबन्ध मिलाइनेछ ।

९०. ज्येष्ठ नागरिकको कल्याणका लागि ज्येष्ठ नागरिक मिलन तथा दिवा सेवा केन्द्रहरूको सशक्तीकरण, सम्मान कार्यक्रम र उनीहरूको ज्ञान तथा अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ। ज्येष्ठ नागरिक परिचयपत्रको प्रक्रियालाई सरलीकरण गरी अनलाइन मार्फत उपलब्ध गराइनेछ र नगरपालिकालाई ज्येष्ठ नागरिकमैत्री बनाइनेछ।

९१. किशोर-किशोरीहरूका लागि आत्मरक्षा तालिम, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा, नेतृत्व विकास, अभिभावक सहभागिता कार्यक्रम र सामाजिक कुरीतिहरू विरुद्ध सचेतना अभियानहरू सञ्चालन गरिनेछ।

९२. एच.आई.भी. संक्रमित महिला र बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य जोखिममा परेका समूहलाई पोषणयुक्त खानेकुरा, मनोसामाजिक परामर्श, र आवश्यक आर्थिक सहयोग उपलब्ध गराई उनीहरूको मानव अधिकारको पूर्ण प्रत्याभूति गरिनेछ।

९३. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, दलित, लैङ्गिक/यौनिक अल्पसंख्यक, जनजाति, अल्पसंख्यक र पिछडावर्गका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूसँग घनिष्ट सहकार्य गरिनेछ। यस्ता संस्थाहरूलाई राष्ट्रिय प्राथमिकता र नगरपालिकाको नीति तथा नियमको दायराभित्र रही प्रभावकारी र पारदर्शी कार्य गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

**सभाका सदस्यज्यूहरू,**

## (३) पूर्वाधार विकास

सडक, सिँचाई तथा अन्य पूर्वाधार

९४. स-साना योजनाले बाञ्छित लक्ष्य प्राप्त नहुने भएकाले ठूला र नगरले गौरब गर्ने खालका योजनाको सञ्चालनमा जोड दिइनेछ ।त्यस्ता योजनाहरुको लागि पर्याप्त बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याइनेछ।साथै पूर्वाधार विकासको कार्यलाई व्यवस्थित गर्न आगामी वर्ष संञ्चालन गरिने सम्भावित ठूला आयोजनाहरु समेटेर **"आयोजना बैंक"** तयार गरिनेछ।

९५. नगरपालिकाको गौरवका आयोजनाहरुलाई सार्वजनिक-निजी साझेदारी बिधिबाट सञ्चालन गर्ने नीति लिइनेछ।

९६. निर्माण कार्यको गुणस्तरीयताका लागि बोलपत्र प्रक्रियाबाट र उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरुको ल्याब परीक्षण र अनुगमन कार्यलाई अझ प्रभावकारी बनाइनेछ।साथै निर्माण कार्यमा संलग्न निर्माणकर्मी, प्राविधिक कर्मचारीहरुलाई समयानुकुल क्षमता विकास र प्राविधिक सहायता प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

निर्माण व्यवसायी/रोजगारदातामार्फत निर्माण क्षेत्रका मजदुरहरूको दुर्घटना बीमा गर्नका लागि सहजीकरण गरिनेछ ।

९७. सडकमा अव्यवस्थित ढंगबाट राखिएका निर्माण सामग्रीका कारण आवागमनमा अवरोध गर्ने र दुर्घटना हुने हुँदा त्यस्तो प्रवृत्तिलाई पूर्णतया निरूत्साहित गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

९८. रोजगारी सिर्जना हुने र हेभी मेशिनरी औजार प्रयोग नहुने आयोजना मात्र उपभोक्ता समितिमार्फत कार्यान्वयनमा ल्याइनेछ। नगरपालिकाले सञ्चालन गरेका अधुरा योजनालाई प्राथमिकतामा राखी कार्यान्वयनमा ल्याइनेछ। आगामी आर्थिक वर्षदेखि योजना सार्ने प्रवृत्तिलाई क्रमशः निरुत्साहित गर्दै लगिनेछ।

९९. नगरपालिकाका मर्मत गर्न आवश्यक देखिएका पक्की एवम् ग्राबेल सडकहरुलाई तत्कालै मर्मत गरी खाल्टाखुल्टी रहित सडक निर्माणलाई विशेष महत्वका साथ कार्यान्वयन गरिनेछ।

१००. नगरपालिका भित्र सार्वजनिक स्थलहरुको पहिचान गरी संरक्षण र सदुपयोग गर्ने नीतिलाई अझ प्रभावकारी बनाउँदै निरन्तरता दिइनेछ।

१०१. नगरपालिकालाई हरियाली, वातावरण मैत्री तथा खेलकुदमैत्री नगरको रुपमा अघि बढाउन एक वडा एक एकीकृत खेलमैदान हुने गरी पूर्वाधार निर्माण लाई जोड दिइनेछ। सहरी क्षेत्रमा बसोबास गर्ने नागरिकहरुलाई शारीरिक व्यायामका लागि सार्वजनिक स्थलहरुमा आधुनिक खुल्ला व्यायामशाला स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१०२. **"मेरो टोल, मेरो वडा, मेरो सौन्दर्य"** अवधारणालाई साकार पार्न स्थानीय वन समितिहरूसँगको सहकार्यमा बस्ती नजिकका बन, खाली ठाउँ र सार्वजनिक सडक किनारहरूमा फलफूल तथा फूलका बिरुवा रोपण कार्यलाई उच्च प्राथमिकता दिइनेछ। साथै, नगरको समग्र सार्वजनिक सौन्दर्यमा अभिवृद्धि ल्याउन सडक किनारमा हरियाली प्रवर्द्धन गर्ने र वातावरणमैत्री भौतिक पूर्वाधारहरूको निर्माणलाई प्रोत्साहन गर्न वडामार्फत टोलहरूलाई उत्प्रेरित गरिनेछ।

१०३. नेपाल विद्युत प्राधिकरणसगको सहकार्यमा नगरमा मुख्य सडक तथा बजार क्षेत्रमा रहेका पोलहरु सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। उज्यालो मध्यबिन्दु निर्माणका लागि राजमार्ग तथा अन्य क्षेत्रहरुमा सडक बत्ती जडानका लागि नेपाल विद्युत प्राधिकरण र उज्यालो नेपाल सस्थासंग समन्वय गरी कार्य अगाडि बढाउने नीति लिइनेछ।

१०४. वैकल्पिक उर्जा प्रवर्धन केन्द्रको समन्वय र सहकार्यमा नगरवासीलाई विद्युतीय चुल्लो वितरण गरिनेछ।

१०५. सडक कालोपत्रे सम्बन्धी योजनामा मुख्य-मुख्य सडकको पहिचान गरी ४ सेन्टीमिटर मोटाइको Asphalt ConCrete सडक बनाउने कार्यलाई निरन्तरता दिइनेछ । साघुरा र भित्री सडकहरुमा RCC वा Interlocking block सडकलाई जोड दिइनेछ। साथै स्थानीय स्रोतसाधन प्रयोग गरी बाटो निर्माणमा Roller Compacted concrete प्रविधिलाई प्रोत्साहित गरिनेछ।

१०६. नगरपालिकाभित्रको सहरी विकासलाई व्यवस्थित बनाउनुका साथै सहज आवतजावतका लागि स्पष्ट मार्गनिर्देशन प्रदान गर्न मुख्य तथा सहायक सडकहरूको वैज्ञानिक नामकरण गरिनेछ। यसका लागि ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक वा स्थानीय पहिचान झल्कने नामहरूलाई प्राथमिकता दिइनेछ। सडकहरूको नामकरणपश्चात् भौगोलिक सूचना प्रणाली (GIS) प्रयोग गरी प्रत्येक सडकको लोकेसन एकिन गरिनेछ र डिजिटल नक्सांकन गरिनेछ।

१०७. नदी कटान रोकथामका लागि नारायणी नदी, गिरुवारी खोला, अरुणखोला, उल्टी खोलालगायत अन्य साना तिना खोलाहरूको नियन्त्रण र रोकथामका लागि तटबन्धन निर्माण गर्ने कार्यलाई थप योजनाबद्ध बनाउँदै निरन्तरता दिइनेछ।

१०८. विकास आयोजनाहरूको कार्यान्वयनलाई तीव्रता दिन र बजेट खर्चको गुणस्तरमा सुधार ल्याई पुँजीगत खर्चको उपलब्धिमूलक प्रयोग सुनिश्चित गर्न तथा खर्च प्रक्रियालाई चुस्त बनाउन **'माघ मसान्तभित्र सम्झौता, वैशाख मसान्तभित्र भुक्तानी'** को नीतिलाई थप प्रभावकारी ढंगले निरन्तरता दिइनेछ ।

१०९. सडक दुर्घटनाका सम्भावित क्षेत्रहरुको पहिचान गरी जोखिम न्यूनीकरणका लागि सडक सुरक्षा सम्बन्धी निर्माण कार्यलाई जोड दिइनेछ। साथै सबै वडाहरुमा सहज सवारी आवागमनका लागि बाह्रै महिना सवारी साधन चल्ने All Weather Rural Road कार्यक्रमलाई निरन्तरता दिइनेछ। अरूणखोला बहु उद्देश्यीय परियोजना मध्यविन्दु १० को कार्यान्वयन गर्न पहलकदमी लिइनेछ ।

११०. नगरस्तरीय र ठूला प्रकृतिका आयोजना सञ्चालन गर्दा सम्बन्धित उपभोक्ता वा लाभग्राहीहरुको बढी भन्दा बढी लागत साझेदारी वा योगदानमा आधारित आयोजनालाई प्राथमिकताका साथ चयन गरी सञ्चालन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

१११. नगर क्षेत्रमा औद्योगिक विकासका लागि आवश्यक औद्योगिक पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि तयार गरी सम्भाव्यता अध्ययन कार्य अगाडि बढाइनेछ ।

११२. मध्यविन्दु नगरपालिका अटो तथा ई-रिक्सा व्यवस्थापन निर्देशिका, २०८१ अनुसार नगरपालिका क्षेत्र भित्र रूट सञ्चालन अनुमति लिएर मात्र अटो तथा ई-रिक्सा सवारी साधन सञ्चालन गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ ।

**सभाका सदस्यज्यूहरू,**

**भवन तथा बस्ती विकास**

११३. नक्सा पास नगरी भवन निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्नको लागि नियमित अनुगमन गरी नियमन गरिनेछ। सुरक्षित र व्यवस्थित आवास निर्माण गरी मध्यविन्दुलाई सुन्दर शहरको रुपमा विकास गर्न भवन निर्माण संहिता एवम् बस्ती विकास मापदण्डको पालना गरिनेछ। नगरपालिका भित्र निर्माण कार्यमा संलग्न निर्माणकर्मी, प्राविधिक कर्मचारीहरुलाई राष्ट्रिय भवन संहिता, प्रचलित मापदण्ड र गुणस्तर नियन्त्रण सम्बन्धी तालिम प्रदान गरिने नीतिलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिइनेछ।

११४. नक्सा पास प्रक्रिया सहज र सरल बनाउनका लागि नगरपालिकाबाट नक्सा तयार गर्न परामर्शदाता परिचालन गरी नगरवासीहरूलाई आवश्यक सहयोग र मार्गदर्शन प्रदान गरिनेछ । साथै, भवन निर्माणमा पारदर्शिता र गुणस्तर सुनिश्चित गर्न नगरपालिकाबाटै नक्सा तयार गराउन चाहने सेवाग्राहीलाई उचित परामर्श शुल्क लिई आवासीय नयाँ भवनको नक्सा तयार गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

११५. नगरपालिका स्थापना पश्चात नक्सा पास नगरी निर्माण भएका भवनहरूलाई नियमित र अभिलेखीकरण गर्न मध्यविन्दु नगरपालिकामा पूर्व निर्मित भवन नियमित तथा अभिलेखीकरण कार्यविधि २०८१ लाई पूर्ण रुपमा लागू गरिनेछ र पुराना नक्साहरू समेत डिजिटल रूपमा रूपान्तरण गरी अभिलेख राखिनेछ।

११६. नगरपालिकाभित्र रहेका ऐतिहासिक र साँस्कृतिक महत्वका भवनहरूको संरक्षण गर्दै नव निर्मित भवनहरूमा सांस्कृतिक र परम्परागत वास्तुकलाको प्रोत्साहन गरिनेछ।

११७. शहरी सौन्दर्य अभिवृद्धिका लागि मुख्य सडक, चोक तथा सार्वजनिक स्थानहरूमा भवनको अगाडिको भागमा आकर्षक तथा समानरुपी डिजाइन प्रबर्द्धन गरिनेछ, साथै रंग संयोजन, हरियाली व्यवस्थापन तथा खुला स्थानहरूको सौन्दर्यकरणलाई प्राथमिकता दिइनेछ।

११८. निजी घरहरूको निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न अबदेखि नगरपालिकामार्फत सूचीकरण प्राप्त गरेका निर्माण व्यवसायीहरूद्वारा मात्र निर्माण गर्न मिल्ने व्यवस्था गरिनेछ। साथै, ती निर्माण व्यवसायीहरूलाई निर्माण सम्बन्धी प्रविधि, मापदण्ड तथा सुरक्षासम्बन्धी आवश्यक तालिम प्रदान गरिनेछ।

११९. आर्थिक रूपमा अति विपन्न र विपद् प्रभावित परिवारहरूका लागि राहतस्वरूप जनता आवास कार्यविधि, २०८१ लाई प्रभावकारी रूपमा लागू गरिनेछ जसअन्तर्गत आवास निर्माण, सुधार तथा पुनःनिर्माण कार्य प्रभावकारी रूपमा व्यवस्थापन गरिनेछ र समुचित सहयोग प्रदान गरिनेछ।

१२०. मध्यविन्दु लालीगुराँस सामुदायिक वनभित्र निर्माण गरिने पार्कलाई 'खुसी पार्क' को रूपमा नामकरण गरी उक्त पार्कमा वातावरणमैत्री पूर्वाधार निर्माण गर्ने कार्यलाई अघि बढाइनेछ। वडा नं. ३ मा रहेको ब्रम्हस्थान पार्कलाई सम्पन्न गरिनेछ भने वडा नं. १० को झ्यालटुंग डाँडामा नयाँ पार्क निर्माणको थालनी गरिनेछ । मध्यविन्दु मैनाघाट पार्क एवम् स्तम्भसहित ईकोभिलेज वडा नं. १३ र १४ लाई प्रवर्धन गर्न सहयोग गरिनेछ । नगरपालिकाभित्रका प्रत्येक वडा र टोलहरूमा बाल उद्यान र व्यवस्थित पार्कहरूको निर्माण तथा विकास गरिनेछ। यी सबै पार्कहरूको दीर्घकालीन संरक्षण र सम्बर्धनमा स्थानीय समुदाय तथा जनसहभागितालाई जिम्मेवार बनाउँदै हरियाली प्रवर्द्धन र स्वस्थ मनोरञ्जनका अवसरहरू सिर्जना गरिनेछ।

**भूमि व्यवस्थापन**

१२१. भूमि समस्या समाधान आयोगसँगको समन्वयमा वडा नं. १, ५, ६, ७, ८, १० र १५ का भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको नाप नक्सांकन कार्य सकिएको छ भने बाँकी रहेका वडाहरुमा आगामी आ.व. भित्र नाप नक्सांकन गरिनेछ। आगामी आर्थिक वर्षमा जग्गाधनी प्रमाणपुर्जा वितरण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

१२२. जनता आवास कार्यक्रम मार्फत अति विपन्न परिवारहरूको लागि आवास निर्माण कार्यलाई निरन्तरता दिइनेछ। साथै संघ र प्रदेशबाट सञ्चालित जनता आवास कार्यक्रम, तराई मधेश समृद्धि कार्यक्रम सुरक्षित नागरिक आवास लगायतका कार्यक्रमहरूसँग समन्वय गरी अति विपन्न नागरिकहरूको लागि आवास निर्माण गरिनेछ।

१२३. नगरपालिकाको भुउपयोग योजनालाई अद्यावधिक गरी पूर्ण कार्यान्वयन गरिनेछ। प्रदेश सरकारसँगको समन्वयमा नक्सामा सार्वजनिक बाटो अद्यावधिक गरिदै लगिनेछ।

**सभाका सदस्यज्यूहरू,**

**(४) वन, वातावरण तथा विपद व्यवस्थापन**

१२४. नगरपालिकाभित्र सामुदायिक वनहरूसँगको सहकार्यमा **"एक सामुदायिक वन, एक वन वाटिका"** कार्यक्रमलाई निरन्तरता दिइनेछ। यसका साथै, वन कार्यालय तथा अन्य सम्बद्ध सरकारी र गैर-सरकारी निकायहरूसँगको साझेदारीमा नर्सरीहरूको स्थापना र विस्तारका लागि आवश्यक सहजीकरण गरिनेछ।

१२५. भूक्षय सम्भावित क्षेत्रको पहिचान गरी बायोइन्जिनियरिङ प्रविधिमार्फत भूक्षय निराकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१२६. नारायणी नदी, गिरुवारी खोला र अरुणखोलामा तटबन्ध निर्माण कार्यका लागि सङ्घ/प्रदेश र राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको समन्वयमा कार्य गरिनेछ।

१२७. नदीजन्य पदार्थको उत्खनन तथा सङ्कलन कार्यलाई थप व्यवस्थित गर्न विशेष रणनीति अवलम्बन गरिनेछ।

१२८. खोला तथा नदीमा माछा मार्ने प्रयोजनका लागि विषादी तथा करेन्ट लगाउने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ र सो कार्यलाई व्यवस्थित गर्न इजाजतपत्रको व्यवस्था गरिनेछ।

१२९. वन क्षेत्रमा लाग्ने वन डढेलो नियन्त्रणका लागि स्थानीय सामुदायिक वन र सम्बन्धित वन कार्यालयहरूसँग आवश्यक समन्वय गरिनेछ।

१३०. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि सम्बन्धित सरोकारवाला र कार्यालयहरूसँग सहकार्य गरिनेछ। साथै, चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रबाट प्रवेश गर्ने वन्यजन्तु नियन्त्रणका लागि मध्यवर्ती क्षेत्रमा विद्युतीय तारबार तथा पर्खाल निर्माणमा सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१३१. नगरपालिकाभित्र सञ्चालित ठूला आयोजनाहरूको निर्माणमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था अनिवार्य अवलम्बन गरिनेछ।

१३२. नगरस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना २०८१ ले निर्दिष्ट गरेका विपद् जोखिम तथा संवेदनशील क्षेत्रमा विपद् व्यवस्थापनका लागि विपद् कोषबाट आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१३३. आगलागीका घटनाहरूमा तत्काल र प्रभावकारी नियन्त्रण गर्नका साथै विपद्को समयमा हुने जनधनको क्षति न्यूनीकरण गर्नका लागि छिमेकी स्थानीय तहहरूसँगको बलियो सहकार्यमा बारूणयन्त्रको व्यवस्थापन गरिनेछ। यसका लागि उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग गर्दै आपसी सहयोग र समन्वयलाई थप सुदृढ बनाइनेछ।

**सरसफाइ तथा फोहरमैला व्यवस्थापन**

१३४. **"सफा, स्वस्थ र सुन्दर नगरपालिका, नगरवासीको अभिभारा"** भन्ने आदर्श वाक्यका साथ प्रदूषण न्यूनीकरण, फोहरमैला व्यवस्थापन तथा जैविक मल उत्पादनसम्बन्धी कार्यक्रमलाई सुदृढ गरी सञ्चालन गरिनेछ। यस कार्यक्रमअन्तर्गत स्रोतमै फोहर छुट्याउने अभ्यासलाई थप प्रोत्साहन गरिनेछ, पुनः प्रयोगयोग्य तथा जैविक फोहरको व्यवस्थापनलाई व्यवस्थित बनाउँदै, वातावरणमैत्री प्रविधि र सामुदायिक सहभागिता सुनिश्चित गरिनेछ।

१३५. सरसफाई प्रवर्द्धन केन्द्रमा उत्पादन गरिएको जैविक मल वडा स्तरबाटै वितरण गर्ने व्यवस्था गरिनेछ। साथै, कार्यक्रममा सहभागी सदस्यहरूलाई मल खरिदमा प्रदान गर्रिदै आएको छुटलाई निरन्तरता दिइनेछ।

१३६. सरसफाई प्रवर्द्धन कार्यलाई टोल विकास संस्थाहरुको सक्रियतामा प्रभावकारी बनाइनेछ। आ.व. २०८१/८२ मा सरसफाई प्रवर्द्धन कार्यक्रममा सहभागी सदस्यहरुबाट नियमित रुपमा ८५ प्रतिशत भन्दा बढी सेवा शुल्क संकलन हुने टोलको टोल विकास संस्थालाई प्रोत्साहन स्वरुप रकम कार्यविधि बमोजिम उपलव्ध गराइने नीतिलाई निरन्तरता दिइनेछ।

१३७. फोहरमैला व्यवस्थापन ऐन', २०७९ लाई थप प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ। उक्त ऐनको प्रावधानअनुसार स्रोतमै फोहरको वर्गीकरण नगर्ने, सार्वजनिक स्थानमा फोहर फ्याँक्ने, अनधिकृत रूपमा फोहर जलाउने तथा फोहर व्यवस्थापन कार्यमा अवरोध पुऱ्याउने व्यक्तिहरूलाई कानुनी दायरामा ल्याई आवश्यक कारबाही गरिनेछ।

१३८. उत्कृष्ट टोल विकास संस्थाहरूलाई थप सिर्जनशील र वातावरणमैत्री बनाउन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ। अवलोकन भ्रमणमार्फत सिकाइ आदानप्रदान गराई टोल क्षेत्रमा हरियाली प्रवर्द्धन तथा सफा, हरित र दिगो वातावरण निर्माण गर्न प्रोत्साहित गरिनेछ । साथै आ.व. २०८१/८२ मा उत्कृष्ट भएका टोललाई प्लाष्टिकको प्रयोगलाई विस्थापन गर्न **"एक घर, एक कपडाको झोला"** को व्यवस्था गरिनेछ।

१३९. सामुदायिक वनसँगको सहकार्यमा जैविक मल उत्पादनका लागि आवश्यक कच्चा पदार्थहरू खरिद गरी मल उत्पादनमा विशेष जोड दिइनेछ ।

१४०. सरसफाइ सेवा शुल्क प्रणालीमा सुधार गर्दै विपन्न तथा आर्थिक रूपमा कमजोर परिवारहरूलाई सेवा शुल्कमा छुट दिने व्यवस्था गरिनेछ ।

१४१. टोल विकास संस्था, वडा स्तरिय सरसफाइ प्रवर्द्धन समिति तथा सामुदायिक विद्यालयलाई सरसफाइ र वातावरण संरक्षण सम्बन्धी अनुशिक्षण कार्यक्रम निरन्तर रूपमा प्रदान गरिनेछ।

## (५) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

### मानव संशाधन विकास तथा संस्थागत क्षमता विकास

१४२. नगरपालिका तथा वडा स्तरबाट प्रदान गरिने सेवालाई गुणस्तरीय, सर्वसुलभ, छरितो एवम् प्रविधिमैत्री बनाइनेछ। आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१४३. कार्य सम्पादन प्रक्रियालाई पारदर्शी, जवाफदेही र सहभागितामूलक प्रक्रिया अवलम्वन गर्न सार्वजनिक सुनुवाई, खर्च सार्वजनिकीकरण, सामाजिक लेखापरीक्षण, जनतासँग नगर प्रमुख, बालबालिकासँग नगर प्रमुख जस्ता सेवाग्राही प्रति उत्तरदायी हुने कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिइनेछ ।

१४४. नगरपालिकामा गुनासो सुन्ने अधिकारीमार्फत नागरिकहरूबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने व्यवस्थालाई प्रभावकारी बनाइनेछ । नागरिकहरूले टेलिफोन, इमेल, सामाजिक सञ्जाल तथा कार्यालयहरूमा रहेको गुनासो पेटिकामा गुनासो राख्न सक्ने व्यवस्था मिलाइनेछ।

१४५. सेवाग्राहीलाई सेवाको प्रकृति अनुसार यथाशिघ्र काम सम्पन्न गर्न नगरपालिकामा स्थापना गरिएको नागरिक सेवा केन्द्रलाई थप व्यवस्थित तथा प्रभावकारी बनाइनेछ। कार्यालयबाट भौगोलिक दुरी टाढा रहेका क्षेत्रहरुका नागरिकलाई सेवा प्रदान गर्न आवश्यकतानुसार एकिकृत घुम्ती सेवा सञ्चालन गरिनेछ।

१४६. जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति र टोल विकास संस्थाका पदाधिकारीहरुका लागि क्षमता विकास तालिम तथा कर्मचारीहरुको कार्यसम्पादनमा आधारित पुरस्कारको व्यवस्था गरी उत्प्रेरणा र मनोवलको विकास एवम् कार्यसम्पादनमा सुधारको नीति लिइनेछ ।

१४७. नगरपालिका मातहतका कार्यालयहरुको भवन नियमित मर्मत सम्भार, फर्निचर तथा फर्निसिङ्ग, कम्प्युटर तथा मेशिनरी औजारको मर्मत तथा उपयुक्त व्यवस्थापन गरी सेवा प्रवाहलाई छरितो र सहज बनाइनेछ ।

१४८. नागरिक सन्तुष्टी सर्वेक्षण फारामको विकास गरी सेवाग्राहीबाट संकलनको व्यवस्था मिलाई प्राप्त पृष्ठपोषणका आधारमा सेवाप्रवाहको प्रणालीमा सुधार गरिनेछ ।

१४९. चालु वर्षमा वडा कार्यालयको कार्यसम्पादन मूल्याङ्कन परिपाटीको विकास गरिएको छ । सो का आधारमा प्रोत्साहन तथा क्षमता विकास गर्दै लगिनेछ ।

१५०. सार्वजनिक सम्पत्ति र नागरिकको जीउ ज्यानको सुरक्षा र संरक्षणको लागि सुरक्षा निकायहरूसंग समन्वय, सहकार्य एवम् साझेदारी गरिनेछ। नगरप्रहरीको संस्थागत क्षमता विकास गर्दै विपद **उद्धार** एवम् नियमन कार्यमा भूमिका प्रभावकारी बनाइनेछ।

**सभाका सदस्यज्यूहरु,**

### वित्तीय जोखिम न्यूनीकरण, लेखा परीक्षण तथा बेरुजु फछ्र्यौट

१५१. नगरपालिकाले तयार गर्नुपर्ने मासिक, चौमासिक तथा बार्षिक प्रतिवेदनहरु समयमै तयार गरी तोकिएको निकायमा प्रतिवेदन सम्प्रेषण गरिनेछ र नगरपालिकाको मासिक आय र व्ययको विवरण वेवसाइटमार्फत सार्वजनिक गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१५२. बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको नीति अंगिकार गरी वित्तीय जोखिम न्यूनीकरण गरिनेछ।

१५३. बेरुजुलाई न्यून गर्नका लागि कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गर्दै सबै शाखा तथा वडा कार्यालयले खर्चका मापदण्ड, कार्यविधिलाई प्रभावकारी रूपमा अनुसरण गर्ने र यस सम्बन्धमा क्षमता विकास गरिनेछ ।

**राजश्व परिचालन तथा वित्तीय व्यवस्थापन**

१५४. कर प्रशासनलाई चुस्त, सरल, प्रविधिमैत्री एवम् करदातामैत्री बनाई कर संकलन कार्यमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१५५. मध्यविन्दु नगरपालिकाको राजश्व सुधार कार्ययोजना बमोजिम राजश्वको क्षेत्र तथा दायरा विस्तार गरिनुका साथै स्थानीय कर प्रणालीको बारेमा आम नागरिक तथा सरोकारवाला पक्षलाई सूसुचित गराई स्वेच्छिक कर सहभागिता मार्फत आन्तरिक आम्दानी वृद्धि गर्न करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१५६. निश्चित सीमासम्मको व्यवसाय दर्ता तथा नवीकरण कार्य सम्बन्धित वडा कार्यालयबाट गरिदै आएकोमा सामान्य प्रकृतिका उद्योग व्यवसायको वर्गीकरण गरी सम्बन्धित वडा कार्यालयबाटै दर्ता तथा नवीकरण गर्न सकिने व्यवस्था मिलाइनेछ।

१५७. राजश्व वृद्धिका लागि प्राकृतिक स्रोत साधनको समुचित प्रयोग र व्यवस्थापन गरिनेछ साथै बहाल बिटौरी कर सङ्कलनलाई अझ स्पष्ट र व्यवस्थित गरिदै लगिनेछ ।

१५८. राजश्व प्रशासनलाई चुस्त, सरल, प्रविधिमैत्री, करदातामैत्री बनाउन प्रविधिको उपयोग एवम् सुढुढीकरण गर्दै राजश्व प्रशासनमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनुका साथै राजश्व संकलन केन्द्रहरुको सुधार गर्दै लगिनेछ ।

१५९. विगतदेखि सञ्चालनमा रहेका तर नगरपालिकामा दर्ता हुन बाँकी व्यवसायहरुलाई यथाशिघ्र नगरपालिकामा दर्ताहुन प्रोत्साहित गरिनुका साथै अधिकतम कर सहभागिता सुनिश्चित गर्नका लागि आवश्यकताका आधारमा एकिकृत घुम्ती सेवा सञ्चालन गरिनेछ ।

१६०. नगरपालिकाको आन्तरिक राजश्व बृद्धिमा योगदान गर्ने, कानूनले तोकेको समयावधि भित्र कर विवरण पेश गर्ने, समयसीमा भित्र कर दाखिला गर्ने करदातालाई पुरस्कृत गर्न उत्कृष्ट करदाता सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

१६१. एकल महिला, अपाङ्गता, लोपोन्मुख, सिमान्तकृत समुदायका उद्यमीहरुलाई प्रोत्साहित गर्न व्यवसाय दर्ता शुल्कमा दिईदै आएको २५ प्रतिशत छुटको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१६२. राजश्व प्रशासनलाई चुस्त, सरल, प्रविधिमैत्री एवम् करदातामैत्री बनाई अधिकतम कर सहभागिता सुनिश्चित गरिनेछ । विद्युतीय भुक्तानी प्रणाली (E-Payment) लाई प्रभावकारी बनाई Online राजश्व भुक्तानी सम्बन्धि सचेतनाका लागि Audio/visual निर्माण गरी सचेतना अभिवृद्धि गरिनेछ । QR भुक्तानी प्रणाली लाई क्रमशः सुदृढ गर्दै लगिनेछ ।

१६३. विदेश अध्ययन गर्न जाने विद्यार्थीका लागि सम्पत्ति मूल्याङ्कन गर्दा लाग्ने कर रकममा दिईदै आएको छुटलाई निरन्तरता दिइनेछ ।

**सभाका सदस्यज्यूहरु,**

**सूचना प्रविधि**

१६४. आफ्नो र सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने तथा पाउने आम नागरिकहरुको मौलिक अधिकारको प्रत्याभूति गर्न नगरपालिकाका गतिविधिहरुलाई वेभसाइट लगायत सामाजिक सञ्जालहरुको प्रयोग एवम् विभिन्न प्रकाशनहरु मार्फत प्रकाशन गर्ने कार्यलाई अझ व्यवस्थित बनाउदै लगिनेछ ।

१६५. नगरबाट प्रदान गरिने सेवालाई क्रमशः अनलाईन प्रविधिमा आवद्ध गरी Faceless, Cashless, Paperless बनाईनेछ। साथै नगरले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणालीहरुको सुदृढीकरणका लागि Local Server Management लाई थप व्यवस्थित गरिनेछ।

१६६. नगरपालिकाले प्रदान गरिने सेवालाई अझ थप सर्वसुलभ, छरितो एवम् प्रविधिमैत्री बनाइनुका साथै सेवा विशेषमा टोकन प्रणाली लागु गरिनेछ ।

१६७. शान्ति सुरक्षा कायम गर्न, अपराध नियन्त्रण, दुर्घटना न्यूनीकरण लगायतका कार्यमा बहुउपयोगी हुने गरी मुख्य बजारक्षेत्र चोरमारा, अरुणखोला क्षेत्रमा सि.सि.क्यामरा जडान गरिसकिएकोमा उक्त कार्यलाई नगरका अन्य संवदेनशील क्षेत्रहरुमा समेत विस्तार गरिनेछ ।

१६८. सूचना प्रविधिको क्षेत्रमा तालिम एवम् क्षमता विकासका कार्यहरुलाई प्रभावकारी रुपमा सञ्चलान गर्न सहयोग पुगोस भन्ने उद्देश्यले आई.टि. ल्याब (IT Lab) स्थापना गरी डिजिटल मार्केटिङ्ग, वेव डिजाइन, तथ्यांक विश्लेषण, ग्राफिक्स डिजाईन, भिडियो एडिटिङ्ग, हार्डवेयर तथा मोबाइल रिपेरिङ्ग जस्ता डिजिटल सीप विकासका लागि **युवा डिजिटल क्षमता परियोजना** सञ्चालन गरिनेछ ।

१६९. सूचना प्रविधि, साईबर सुरक्षा तथा Artificial Intelligent (AI) सम्बम्धी सचेतना विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१७०. नागरिक र नगरपालिकाबीचको सूचना प्रवाहलाई तीव्र, पारदर्शी एवम् प्रभावकारी बनाउन नगरपालिकाका विशेष सूचनाहरू, महत्त्वपूर्ण पर्वका शुभकामना सन्देशहरू र जनहितकारी घोषणाहरू आम नागरिकको हातहातमा पुऱ्याउन आधुनिक प्रविधिको अधिकतम उपयोग गरिनेछ। यसका लागि मोबाइल SMS सेवा, सामाजिक सञ्जालका आधिकारिक पेजहरू, नगरपालिकाको वेबसाइटमा नियमित अद्यावधिक र सम्भव भएसम्म मोबाइल एप्लिकेशनको प्रयोगलाई प्राथमिकता दिइनेछ।

## (६) न्यायिक समिति तथा कानून

१७१. नेपालको संविधान तथा प्रचलित कानून अनुसार तर्जुमा गर्नुपर्ने कानून निर्माणलाई तिब्रता दिईनेछ । संघ तथा प्रदेश कानूनसँग वाझिएका स्थानीय कानूनहरुको संशोधन प्रक्रिया अगाडि बढाईनेछ । नगरपालिकाले जारी गर्ने ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका तथा आदेश तर्जुमा गर्दा प्रदेश सरकारले जारी गरेको स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ बमोजिम गर्ने व्यवस्था मिलाइनेछ ।

१७२. नगरपालिकाले तर्जुमा गरेका कानूनको बारेमा सरोकारवालाहरुलाई जानकारी दिन कानूनी सचेतना कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

१७३. न्यायिक समितिलाई प्रचलित कानूनले दिएको क्षेत्राधिकारको विषयमा आम नगरवासीलाई जानकारी गराउन नगरवासीसँग न्यायिक समिति कार्यक्रम सञ्चालन गरिनेछ ।

१७४. स्थानीय न्याय सम्पादन प्रक्रियालाई छिटो, छरितो एवम् थप प्रभावकारी बनाउन मेलमिलाप र पदाधिकारी तथा कर्मचारीहरूका लागि क्षमता विकासका विभिन्न कार्यक्रमहरू तय गरी सञ्चालन गरिनेछ ।

१७५. न्यायिक समिति र जिल्ला अदालतबीच नियमित अन्तरक्रिया गरी न्यायिक समितिको क्षमता विकास गर्नुका साथै न्यायिक समितिमा परेका जटिल प्रकृतिका विवादहरूको निरूपण गर्नका लागि स्थलगत अनुगमन, परामर्श गरी मिलापत्र गर्न सहजीकरण गरिनेछ ।

१७६. महिला, दलित, विपन्न, असहाय, बृद्ध, सिमान्तकृत वर्ग लगायत पिछडिएको वर्गलाई न्यायमा सहज पहुँच पुऱ्याउन सबै वडामा न्यायिक समितिको अधिकार तथा मेलमिलाप सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन ऱगरिनेछ ।

**अन्त्यमा,**

आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तावित नीति तथा कार्यक्रमले समृद्द मध्यविन्दु खुसी नगरवासी निर्माण गर्ने हाम्रो संकल्पलाई साकार तुल्याउन महत्वपूर्ण योगदान पुऱ्याउने मेरो विश्वास छ । नागरिकको गुणस्तरीय शिक्षा र स्वास्थ्यमा पहुँच, उत्पादनमा वृद्धि, कृषि र पशुपालन क्षेत्रमा व्यवसायीकरण, पूर्वाधारको सहज र दिगो विकास, रोजगारीको सिर्जना, सेवा प्रवाहमा प्रभावकारिता ल्याई नगरप्रति जनताको विश्वास थप अभिवृद्धि हुँदै जाने अपेक्षा मैले लिएको छु । राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी एवम् शिक्षक वर्ग, उद्योगी, व्यवसायी, निजी एवम् सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण नगरवासी दिदी बहिनी तथा दाजुभाईहरूबाट यी नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सदा झै रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिएको छु।

**धन्यवाद ।**

..............................

**भिमलाल अधिकारी**
**नगर प्रमुख**
**मध्यविन्दु नगरपालिका, नवलपरासी (व.सु.पूर्व)**

**मिति २०८२ असार १० गते ।**

आर्थिक वर्ष ०८२/०८३ को

# बजेट तथा कार्यक्रम

१० असार, २०८२

## मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

**मध्यविन्दु नगरपालिका**

**नगर सभाको सत्रौं अधिवेशनमा**

**नगर उपप्रमुख एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री पूर्णकला चौधरीद्वारा प्रस्तुत**

**आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य**

**नगरसभाका अध्यक्ष महोदय,**

**नगरसभाका सदस्यज्यूहरु,**

**राष्ट्रसेवक कर्मचारी तथा उपस्थित महानुभावहरु**

१. मध्यविन्दु नगरपालिकाको गरिमामय नगर सभाको सत्रौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आगामी आर्थिक वर्ष २०८२/८३ को राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई सभामा पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम यस गरिमामय नगर सभाको सत्रौं अधिवेशनमा नगर उप प्रमुखको रूपमा बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ ।

२. नगरको सुख, शान्ति, गौरव, गरिमा र समुन्नति हासिलका लागि हाम्रा प्रयास प्राथमिकता, प्रतिवद्धता र नगरबासीको विकास सम्बन्धी आकांक्षाहरुलाई सम्बोधन गर्ने गरी तयार पारिएको आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रम यस सम्मानित नगर सभाको अधिवेशनमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

३. यस महत्त्वपूर्ण घडीमा मुलुकमा नागरिक सर्वोच्चता, शासन प्रणाली, सामाजिक रुपान्तरण र अग्रगमनका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुका साथै विभिन्न आन्दोलनका क्रममा घाइते र बेपत्ता नागरिकहरू प्रति उच्च सम्मान प्रकट गर्दछु ।

४. यस अधिवेशनबाट आगामी आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सो अनुरूप बजेट तथा कार्यक्रम तयार गरी सोको प्रभावकारी कार्यान्वयन मार्फत नगरबासीको चाहना एवम् आवश्यकता सम्बोधन गर्न सकिन्छ भन्ने तथ्यलाई मध्यनजर गर्दै **"समृद्ध मध्यविन्दु, खुसी नगरबासी"** को आकाङ्क्षासहित नगरपालिकाको समग्र विकास, समृद्दि र सामाजिक न्यायको यात्रालाई मूर्त रूप दिन निर्देशित गर्ने गरी यो बजेट प्रस्तुत गरेको छु ।

५. प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आय बमोजिम कुशल व्यय गरी मानवीय मूल्यसहितको गुणस्तरीय शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, कृषि क्षेत्रको आधुनिकीकरण एवम् व्यवसायीकरण, दिगो विकासको अवधारणा अनुरूप पूर्वाधार विकास, सेवा प्रवाहलाई सहज एवम् गुणस्तरीय बनाई सुशासनको प्रत्याभूति दिलाउने एवम् जनताको विकासप्रतिको आकाङ्क्षालाई सम्बोधन गर्ने गरी बजेट तर्जुमा गरेको छु।

सभाध्यक्ष महोदय,

६. अब म आर्थिक वर्ष २०८१/८२ को यथार्थ आय व्ययको स्थितिलाई संक्षेपमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**(क) <u>आयतर्फ</u>**

७. चालु आर्थिक वर्ष २०८१/०८२ मा संघीय सरकारबाट समानीकरण अनुदान रु. १५ करोड २५ लाख, सशर्त अनुदानतर्फ रु. ४० करोड ८३ लाख ६८ हजार, विशेष अनुदान रु. २ करोड ६० लाख र समपूरक अनुदान रू. १ करोड ३० लाख गरी कुल रु. ५९ करोड ९८ लाख ६८ हजारको बजेट सीमा प्राप्त भएकोमा हालसम्म

समानीकरण अनुदानतर्फ रु.१३ करोड ९९ लाख ३४ हजार, सशर्त अनुदानतर्फ रु. ३९ करोड ३३ लाख ९० हजार, विशेष अनुदानतर्फ रु. २ करोड ६० लाख र समपुरक अनुदानतर्फ रु. ७४ लाख ६६ हजार गरी जम्मा रु. ५६ करोड ६७ लाख ९० हजार आय प्राप्त भएको छ ।

८. गण्डकी प्रदेश सरकारबाट समानीकरण अनुदान रु. २ करोड ९ लाख ६१ हजार र समपूरक अनुदान रु.१ करोड गरी कूल रु. ३ करोड ९ लाख ६१ हजारको सीमा प्राप्त भएकोमा हालसम्म कूल रु. २ करोड ५९ लाख ६१ हजार प्राप्त भएको छ।

९. राजश्व बाँडफाँड तर्फ संघीय सरकारबाट रु.१४ करोड ४२ लाख र प्रदेश सरकारबाट रू १ करोड ६० लाख ३९ हजार गरी कूल १६ करोड २ लाख ३९ हजार प्राप्त हुने गरी सीमा प्राप्त भएकोमा हालसम्म संघीय सरकारबाट रु. ११ करोड ९६ लाख १२ हजार र प्रदेश सरकारबाट रु. १ करोड ३१ लाख ५१ हजार गरी कुल रु.१३ करोड २७ लाख ६३ हजार प्राप्त भएको छ।

१०. आन्तरिक स्रोतबाट राजश्व रु.१५ करोड १५ लाख आय प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ९ करोड ८७ लाख ३५ हजार आम्दानी भएको छ। त्यस्तै गत वर्षको बैङ्क मौज्दात रु. १३ करोड २ लाख ११ हजार हुने अनुमान गरिएकोमा रु.११ करोड १६ लाख ५० हजार मात्रै मौज्दात रहेको छ।

११. लाभग्राही समुदायबाट आयोजनामा प्राप्त हुने ५% नगद सहभागिता मार्फत रु. १ करोड आय हुने अनुमान गरिएकोमा हालसम्म रु. ३४ लाख ३२ हजार आम्दानी भएको छ।

यसरी यस नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को कुल अनुमानित आय रु.१ अरब ८ करोड २७ लाख ७९ हजार रहेकोमा हालसम्म कुल रु. ९४ करोड २७ लाख ६७ हजार अर्थात लक्ष्यको ८७ प्रतिशत आय भएको छ।

(ख) <u>व्ययतर्फ</u>

१२. चालु आर्थिक वर्ष २०८१।०८२ को हालसम्मको अवधिमा कुल बजेट रु. १ अरब ८ करोड २७ लाख ७९ हजार मध्ये रु. ७३ करोड ५४ लाख १८ हजार खर्च भई वित्तीय प्रगति ६७.९१ प्रतिशत हासिल भएको छ । सोमध्ये पुँजीगत तर्फ ५६.३८ प्रतिशत र चालु तर्फ ७६.६८ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ। चालु आर्थिक वर्षको अन्त्यसम्म पुँजीगत खर्च ८० प्रतिशत र चालु खर्च ८५ प्रतिशत गरी कूल ८३ प्रतिशत वित्तीय प्रगति हासिल हुने अनुमान गरिएको छ।

सभाका अध्यक्ष महोदय,

सभाका सदस्यहरु,

१३. अब म बजेट प्रणालीमा देखापरेका मुख्य चुनौती प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान र राजश्व बाँडफाडबाट प्राप्त आयमा संकुचन आएको छ । आन्तरिक आय लक्ष्य अनुसार उठाउन सकिएको छैन जसले गर्दा पूर्व निर्धारित प्राथमिकताका योजना तथा कार्यक्रमहरु समयमा सञ्चालन गर्न समस्या सिर्जना भएको छ ।
- समयमा बजेटको स्रोत सुनिश्चितता नभएकाले एकातिर निर्माण सम्पन्न भएका योजनाहरुको भुक्तानी समयमै गर्न सकिएको छैन भने अर्को तिर निश्चित समय निर्धारण गरी तोकिएका आयोजनाहरुको निर्माण कार्य तोकिएको

समयभित्र सम्पन्न नहुँदा भुक्तानी दायित्त्व अर्को आर्थिक वर्षमा सर्दै गई आर्थिक भार थपिदै जानुले प्राथमिकता प्राप्त क्षेत्रमा लगानी बढाउन सकिएको छैन ।

- बजेटको ठूलो परिमाण नेपाल सरकार, प्रदेश सरकार लगायतको सहकार्यमा सञ्चालन हुने कार्यक्रमहरुको कार्यान्वयनका लागि लागत साँझेदारी वापत व्यहोर्नु पर्ने स्थिति रहेको छ ।
- प्रत्येक वर्ष प्रशासनिक खर्च बढ्दै गईरहेको छ भने संघीय सरकारको दायित्वमा पर्ने पदहरूमा नगरले लगानी गर्नुपर्ने परिस्थितिले पुँजीगत तर्फको बजेटको हिस्सा प्रत्येक बर्ष संकुचन हुदै जाने बाध्यात्मक परिस्थिति सिर्जना भएको छ ।

१४. आगामी आर्थिक वर्षको बजेटमा उल्लेखित चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित हुनुपर्दछ भन्नेमा म सजग छु । बजेट तर्जुमा गर्दा मैले नेपालको संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, संघीय तथा प्रदेश सरकारका वार्षिक नीति, बजेट तथा कार्यक्रम र दिगो विकासका लक्ष्यहरूलाई प्राथमिकतामा राख्दै **"समृद्ध मध्यविन्दु, खुसी नगरवासी"** भन्ने दीर्घकालीन सोचलाई मुख्य आधारको रूपमा लिएको छु ।

१५. बजेट तर्जुमा गर्दा यस गरिमामय सभाबाट स्वीकृत आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम, सभामा प्राप्त सुझावहरु, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको बजेट सीमाभित्र रही वडास्तरबाट पहिचान र प्राथमिकीकरण गरिएका विषयहरु, विषयगत समितिमा भएको छलफल तथा विद्वत बर्गहरु लगायत सबैबाट प्राप्त रचनात्मक सुझावलाई समेत ध्यान दिएको छु।

**सभाध्यक्ष महोदय,**

१६. अब म आर्थिक वर्ष २०८२/०८३ को बजेटका उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

बजेटका उद्देश्यहरु निम्नानुसार छन्:

(क) आर्थिक एवम् सामाजिक क्षेत्रको समग्र विकासमार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउने।

(ख) दिगो, गुणस्तरीय र प्रतिफलदायी भौतिक पूर्वाधारहरूको निर्माण तथा नियमित सम्भार गर्ने।

(ग) कृषि तथा पशुपालन क्षेत्रलाई व्यावसायिक र आधुनिक बनाई उत्पादन तथा उत्पादकत्व वृद्धिमा सहयोग गर्ने।

(घ) उद्यमशील संस्कृति, नवप्रवर्तन र सकारात्मक सोचको विकास गरी पर्याप्त रोजगारीका अवसरहरू सिर्जना गर्ने।

(ङ) पर्यटकीय गन्तव्यहरूको पहिचान, संरक्षण गर्दै पूर्वाधार विकास गर्ने।

(च) आर्थिक र सामाजिक रूपले पछि परेका वर्ग तथा समुदायको सशक्तीकरण गरी मूल प्रवाहमा ल्याउने।

(छ) सेवा प्रवाहलाई सेवाग्राहीमैत्री एवम् प्रविधिमैत्री बनाई सुशासनको प्रत्याभूति दिने।

१७. बजेटका उद्देश्यहरु पूरा गर्न देहाय अनुसार क्षेत्रगत प्राथमिकता निर्धारण गरेको छुः

(क) मानवीय मूल्यसहितको गुणस्तरीय शिक्षामा समतामूलक पहुँच

(ख) गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच

(ग) दिगो एवम् गुणस्तरीय भौतिक पूर्वाधार निर्माण

(घ) कृषि तथा पशुपालन क्षेत्रको आधुनिकीकरण र बजारीकरण

(ङ) उद्यमशील रोजगार सिर्जना र आयआर्जन वृद्धि

(च) पर्यटकीय गन्तव्यको पहिचान, संरक्षण र प्रवर्द्धन

(छ) वन, जैविक विविधता तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन

(ज) सन्तुलित, समन्यायिक र समावेशी विकास

(झ) सुशासन अभिवृद्धि र सार्वजनिक सेवामा सुधार ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

सर्वप्रथम म अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरगत संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड, यस नगरपालिकाको आन्तरिक स्रोत र चालु आर्थिक वर्षको अन्त्यमा बैकं मौज्दात गरी कुल रु. ५६ करोड ९३ लाख ९८ हजारको बजेट विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास**

१८. किसानहरूलाई सहज सिंचाई सुविधा उपलब्ध गराई उत्पादन वृद्धिमा सहयोग पुर्‍याउन **'कृषिः मेरो पेशा, मेरो आवश्यकता कार्यक्रम'** अन्तर्गत सिंचाई पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने बजेटको व्यवस्था मिलाएको छु ।

१९. कृषि कार्यलाई सहज, उत्पादनमुखी र लागत प्रभावी बनाउन **'मध्यविन्दु कृषि यान्त्रीकरण तथा आधुनिकीकरण कार्यक्रम'** अन्तर्गत कृषि मेशिनरी (कम्बाइन हर्भेस्टर) वितरणका लागि रु. ३२ लाख बजेट विनियोजन गरेको छु ।

२०. कृषि क्षेत्रको विविधीकरण र व्यवसायिकरणमार्फत उत्पादन वृद्धिमा टेवा पुऱ्याउन फूल खेती प्रवर्द्धन, फलफूल बगैंचा विस्तार तथा सुधार, तरकारी खेती प्रवर्द्धन, मसला बाली प्रवर्द्धन, र खायन आलु प्रवर्द्धन लगायतका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२१. स्वस्थ र दिगो कृषि प्रणालीलाई बढावा दिन **'कृषि उद्यमशीलता तथा जैविक खेती परियोजना'** का लागि रु. १० लाख र जैविक विषादी, पासो तथा चुन वितरणका लागि आवश्यक पर्ने बजेटको व्यवस्था मिलाएको छु ।

२२. कृषि ल्याब स्तरोन्नतिका लागि रु. ८ लाख ५० हजार र बालीमा लाग्ने रोग तथा किरा नियन्त्रण गरी आकस्मिक बाली संरक्षण गर्नका लागि बजेट छुट्याएको छु ।

२३. दुग्ध उत्पादन वृद्धिमा प्रत्यक्ष सहयोग पुऱ्याउन दुग्ध सहकारीमा आबद्ध कृषकहरूलाई प्रोत्साहन गर्न दुधमा अनुदान कार्यक्रमका लागि रु. ३० लाख बजेट विनियोजन गरेको छु।

२४. पशुधनको स्वास्थ्य सुधार र उत्पादकत्व वृद्धिमा सहयोग पुऱ्याउन नश्ल सुधार कार्यक्रमका लागि रु. ५ लाख, आकस्मिक उपचार तथा खोप सेवाका लागि रु. ५ लाख र औषधि तथा उपकरण खरिदका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु।

२५. पशु आहारको उपलब्धता सुनिश्चित गर्न सहयोग गर्ने उद्देश्यले हिउँदे हरियो घाँस विस्तार कार्यक्रम र उन्नत जातका डाले घाँसका बिरुवा वितरण कार्यक्रमका लागि रु. ७ लाख बजेट विनियोजन गरेको छु।

२६. किसानहरूलाई प्रत्यक्ष लाभ पुऱ्याउने उद्देश्यले निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गर्नका लागि रु. ६ लाख बजेट विनियोजन गरेको छु।

२७. कृषि तथा पशुपन्छी विकासमा नगर तर्फबाट रु. २ करोड ११ लाख ६० हजार बजेट विनियोजन गरिएको छ ।

सभाध्यक्ष महोदय,

२८. सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि, अनुगमन र उत्कृष्ट सहकारी पुरस्कार कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था मिलाएको छु ।

२९. पुराना उद्यमीहरूलाई पुनर्ताजगी र सीप विकास तालिम प्रदान गर्न साथै लघु उद्यम प्रविधि हस्तान्तरण गरी उद्यमशीलता विकास र रोजगारी सिर्जनामा टेवा पुऱ्याउन बजेट विनियोजन गरेको छु ।

३०. भूमि समस्या समाधान आयोगसँगको समन्वयमा वडा नं. १, ५, ६, ७, ८, १० र १५ मा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको नाप नक्सांकन कार्य सम्पन्न भइसकेको छ। बाँकी वडाहरूमा आगामी आर्थिक वर्षभित्र नाप नक्सांकन कार्य सम्पन्न गरी जग्गाधनी प्रमाणपुर्जा वितरण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउन भूमि सम्बन्धी एकाइका लागि रु. ४१ लाख ५० हजार बजेटको व्यवस्था मिलाएको छु।

३१. स्थानीय स्तरमा रोजगारीका अवसरहरू वृद्धि गरी आन्तरिक रोजगारी सिर्जना तथा प्रवर्द्धनका लागि रु. १३ लाख ९६ हजार विनियोजन गरेको छु।

३२. वैदेशिक रोजगार सम्बन्धी सूचना, मनोसामाजिक परामर्श र वित्तीय साक्षरताका कार्यक्रमहरू सञ्चालन गर्न सुरक्षित आप्रवासन र वित्तीय साक्षरताका लागि रु. १४ लाख २८ हजार बजेट विनियोजन गरेको छु।

३३. कृषि, पशुपन्छी विकास, सहकारी तथा उद्यम विकास, श्रम तथा रोजगार र पर्यटन विकास मार्फत नगरको समग्र आर्थिक क्षेत्र विकासका लागि कुल रु. २ करोड ९७ लाख ४ हजार विनियोजन गरिएको छ।

**सामाजिक विकास तर्फ**

३४. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको अतुलनीय योगदानको कदर गर्दै, उहाँहरूलाई बैठक यातायात खर्च उपलब्ध गराउनुका साथै सम्मानजनक बिदाइ कार्यक्रम मार्फत उहाँहरूको सेवालाई सम्मान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३५. स्वास्थ्य संस्थाहरूका लागि आवश्यक मेडिकल सर्जिकल औजार उपकरण खरिद, मातृत्व स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, र ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३६. माझी, मुसहर, बोटे समुदायलाई स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिन रु. ७ लाख ५० हजार विनियोजन गरेको छु।

३७. स्वास्थ्य संस्थाहरूबाट वितरण गरिने निःशुल्क औषधि तथा महामारी किटजन्य सामग्री खरिदका लागि बजेट विनियोजन गरेको छु ।

३८. विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन, मानसिक स्वास्थ्य तालिम सञ्चालन, र ग्रामीण भिडियो एक्सरे सेवा सञ्चालन गर्नका लागि बजेटको व्यवस्था मिलाएको छु।

३९. नगर अस्पतालको सञ्चालन र स्तरोन्नतिमा सहयोग पुऱ्याउन नगर अस्पताल अनुदानका लागि रु. ३५ लाख बजेट विनियोजन गरेको छु ।

४०. स्वास्थ्य क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नका लागि नगरपालिकाको स्रोतबाट रु. २ करोड २० लाख १३ हजार बजेट विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय**

४१. विद्यालय कर्मचारी, प्रारम्भिक बालविकासका सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालिकाहरूलाई सङ्घीय सरकारले प्रदान गरेको पारिश्रमिकमा थप तलब सुविधा व्यवस्थापनका लागि रु. १ करोड ६ लाख विनियोजन गरेको छु ।

४२. शिक्षक दरबन्दी मिलानका क्रममा दरबन्दी कम देखिएका विद्यालयहरूमा शिक्षक दरबन्दीको अभावलाई सम्बोधन गरी शैक्षिक गुणस्तर सुधार गर्नका लागि सट्टा शिक्षक र शिक्षण सहयोग अनुदान व्यवस्थापन गर्न रु. २९ लाख ७६ हजार बजेट विनियोजन गरेको छु ।

४३. कक्षा १ देखि ५ सम्मका अंग्रेजी माध्यमका पाठ्यपुस्तकहरू निःशुल्क उपलब्ध गराउन प्रति विद्यार्थीका आधारमा विद्यालयहरूलाई अनुदान दिन रु. १६ लाख बजेट विनियोजन गरेको छु ।

४४. विपन्न विद्यार्थीहरूको शैक्षिक अवसरमा समतामूलक पहुँच बढाउन स्टेशनरी, झोला, पोशाक व्यवस्थापन मा सहयोग गर्नुका साथै प्राविधिक तथा व्यावसायिक शिक्षामा छात्रवृत्ति व्यवस्थापन गर्न रु. ६ लाख बजेट विनियोजन गरेको छु।

४५. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तकको परिमार्जन, छपाइ तथा वितरणका लागि रु. ८ लाख बजेट विनियोजन गरेको छु।

४६. शैक्षिक सुदृढीकरण, विद्यालय सुशासन र प्रविधिमैत्री शिक्षाको प्रवर्धनअन्तर्गत विद्यालयहरूमा विद्युतीय हाजिरी र कम्प्युटर व्यवस्थापन गर्न बजेटको व्यवस्था गरेको छु। यसैगरी, नगरस्तरीय नमुना गणित/विज्ञान प्रयोगशालामा थप सामग्री व्यवस्थापन गरी सुदृढीकरण गर्न र प्रभावकारी रूपमा उपयोगमा ल्याउन रु. ५ लाख बजेटको प्रबन्ध मिलाएको छु।

४७. शैक्षिक सत्र २०८१ देखि शिक्षा क्षेत्रको नवीनतम कार्यक्रमका रूपमा कार्यान्वयनमा ल्याइएको मानव मूल्य र संस्कारसहितको हाम्रो खुसी पाठ्यक्रम को कार्यान्वयनलाई थप प्रभावकारी बनाई समग्र विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन शिक्षकको क्षमता विकास, सिकाइ अनुभव आदानप्रदान, कक्षाकोठामा आधारित प्राविधिक सहयोग, अभिभावक प्रशिक्षण जस्ता क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु।

४८. विद्यार्थीको अन्तर्निहित क्षमताको प्रस्फुटन गराउन र सैद्धान्तिक ज्ञानलाई व्यावहारिक रूपमा प्रदर्शन गर्न प्रोत्साहित गर्ने उद्देश्यले शैक्षिक मेला तथा प्रदर्शनी, अतिरिक्त क्रियाकलाप र खुसी शुक्रवार कार्यक्रम सञ्चालनका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

४९. अपाङ्गता भएका बालबालिकाहरूका लागि समावेशी शिक्षाको प्रवर्धन गर्न दिवा स्याहार केन्द्र सञ्चालन को निरन्तरताका लागि रु. ४ लाख बजेट विनियोजन गरेको छु।

५०. विद्यालयहरूको भौतिक तथा शैक्षिक पूर्वाधार विकास, मर्मत सम्भार एवम् शैक्षिक सामग्री व्यवस्थापनका लागि शिक्षातर्फको पुँजीगत बजेट रु. ७१ लाख र वडा तर्फको बजेटबाट रु. ८७ लाख गरी जम्मा रु. १ करोड ५८ लाख बजेट विनियोजन गरेको छु ।

५१. युवा लक्षित विभिन्न कार्यक्रमहरू सञ्चालन गरी युवाहरूको क्षमता अभिवृद्धि गर्नका लागि रु. ११ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

५२. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, फुटबल, भलिबल, क्रिकेट, ब्याडमिन्टन, मार्सल आर्ट, एथ्लेटिक्स प्रतियोगिता लगायतका खेलका साथै विभिन्न खेल विधाको प्रशिक्षण कार्यक्रम सञ्चालन गरी खेलकुद क्षेत्रको विकास गर्न खेल पूर्वाधार विकास बाहेकका कार्यक्रमहरूका लागि रु. ३४ लाख बजेट छुट्याएको छु।

५३. शिक्षा युवा तथा खेलकुद कार्यक्रमका लागि नगर र वडातर्फको बजेटबाट जम्मा रू ५ करोड ७ लाख ७४ हजार रकम विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय**

५४. महिलाहरूलाई उद्यमशील बनाई आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउन **'उपप्रमुखसँग महिला उद्यमशीलता र सशक्तीकरण कार्यक्रम'** का लागि रु. २२ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

५५. द्वन्द्व प्रभावित महिलालाई सीप विकास, लैङ्गिक हिंसा विरुद्ध अभियान, बालमैत्री वडा तयारी, अपाङ्गता भएकाहरूका लागि फिजियोथेरापी र सहायक सामग्री वितरण, ज्येष्ठ नागरिक मिलन केन्द्र, दलित, जनजाति सिप विकास तथा संस्कृति संरक्षण जस्ता महत्त्वपूर्ण कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

५६. सामाजिक विकासतर्फ वडाबाट विनियोजित बजेटबाहेक कुल रु. ७ करोड ३२ लाख ३७ हजार बजेट विनियोजन गरेको छु ।

**पूर्वाधार विकास**

५७. क्षेत्रफल, जनसंख्या, भौगोलिक अवस्थिति लगायतका आधारमा हरेक वडाको समानुपातिक विकासका निम्ति सम्बन्धित वडास्तरबाट प्रस्ताव भई आएका पूर्वाधार निर्माणका कार्यक्रम कार्यान्वयन हुने गरी रू. ९ करोड बजेट विनियोजन गरेको छु।

५८. नगरपालिकाभरि सडक, सिंचाई, खानेपानी लगायतका पूर्वाधारहरूको नियमित मर्मत सम्भारका लागि रु. ४० लाख विनियोजन गरेको छु । यसका अतिरिक्त विभिन्न वडाका सडकहरू जस्तै, वडा १२ मा सडक स्तरोन्नति, शहीद हरि मार्गसँगम टोल-रमाइलो टोल वडा नं. १३ , बाहुनीकुना कुसुण्डेदेखि भिउरान जाने सडकको कुसुण्डे खण्ड मध्यविन्दु ११, शितल मार्ग हुदै केवल माझी मार्ग, दुर्गा मन्दिरदेखि गोल्डेन हाईट हुदै रतनपुर सम्म स्तरोन्नति मध्यविन्दु-३ र चौतारी टोल अन्नपूर्ण मार्ग वडा नं. ७ को स्तरोन्नति तथा अन्य सडकहरूका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५९. नवजागरण बहुमुखी क्याम्पस , अरुणखोला बहुमुखी क्याम्पस र कोल्हुवा बहुमुखी क्याम्पसको पूर्वाधार निर्माणका साथै ज्ञानोदय मा.वि. सभाहल र रानीटार अधुरो सभाहल निर्माणका लागि पनि बजेट छुट्याएको छु।

६०. अरुणखोला बसपार्क जाने सडक , चोरमारा बजार सार्वजनिक शौचालय तथा बसपार्क, चोरमारा बजार हाइवे नाला निर्माण जस्ता महत्वपूर्ण यातायात पूर्वाधारका लागि बजेट विनियोजन गरेको छु। साथै, रातामाटा खण्डको सडक

कालोपत्रे, कावासोती १७ को सिमानादेखि बाघखोर जाने सडक कालोपत्रे, हुप्सेकोट गाउँपालिका र मध्यविन्दु नगरपालिकाको सिमाना सडक साझेदारी र गुरौ चोकदेखि कावासोती १७ को सिमानासम्म वड्की मार्ग तथा नन्दभाउजु मार्ग कालोपत्रे लगायतका सडकहरूको निर्माण तथा स्तरोन्नतिका लागि बजेट छुट्याइएको छु।

६१. मध्यविन्दु पार्क, नगर अस्पताल अगाडि खुसी पार्क, ब्रम्हस्थान पार्क र रामजानकी मन्दिर निर बालउद्यान लगायतका पार्क तथा हरियाली क्षेत्रको पूर्वाधार निर्माण र विकासका लागि बजेट विनियोजन गरेको छु।

६२. खयरसाल खानेपानी, मैनाघाट खानेपानी, सेतापानी खानेपानी मध्यविन्दु ५ र दमार खानेपानी आयोजना लगायतका खानेपानी आयोजनाहरूको निर्माण तथा सुधारका लागि बजेट विनियोजन गरेको छ।

६३. सिंचाई मर्मतका लागि रु. २० लाख , माथिल्लो भिउरानको कुलो डुडी मर्मत तथा निर्माण र महखोप कुलो निर्माण जस्ता सिंचाई पूर्वाधारहरूका लागि पनि बजेट छुट्याएको छु।

६४. लोहासेधारा खेल मैदान निर्माण , बाघखोर खेलमैदान स्तरोन्नति र बाघखोर कभर्ड हल वडा नं. ५ जस्ता खेलकुद पूर्वाधारको विकास र स्तरोन्नतिका लागि बजेट छुट्याएको छु।

६५. विद्युत विस्तारका लागि रु. २० लाख र मध्यविन्दु ६ भण्डारा खण्डमा विद्युतीय तारवारका लागि बजेट विनियोजन गरेको छु।

६६. स्थानीय तहहरूसँगको साझेदारीमा दमकल खरिदका लागि रु. ५० लाख, गिरुवारी करिडोर निर्माण मध्यविन्दु ७ र ८ (समपुरक संघ म्याचिङ्ग) का लागि रु. १ करोड १४ लाख र मध्यविन्दु ८ चौरङ्गी देखि हर्वास्टार धारापानी हुदै बाहुनीकुना सडक स्तरोन्नति समपुरक संघका लागि रु. ७६ लाख ५० हजार जस्ता ठूला आयोजनाहरूमा साझेदारी बजेट विनियोजन गरेको छु।

६७. सामुदायिक समूहहरूको पूर्वाधार निर्माण तथा स्तरोन्नति, कल्भर्ट निर्माण, तटबन्ध, सार्वजनिक शौचालय लगायतका अन्य विविध पूर्वाधार निर्माणका लागि बजेट विनियोजन गरेको छु ।

६८. नगर भित्र निर्माणाधिन रहेका आयोजनाहरु सम्पन्न गर्नका लागि आवश्यक बजेट सुनिश्चित गरेको छु।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

६९. स्वच्छ, हराभरा, सफा र सुन्दर मध्यविन्दु निर्माण अभियान अन्तर्गत सरसफाइ प्रवर्द्धन र जैविक मल उत्पादनका लागि रु.१ करोड ३७ लाख ८० बजेट विनियोजन गरेको छु । यसबाट सरसफाइ कर्मचारीको पारिश्रमिक र बीमा, फोहोर व्यवस्थापन, सरसफाइ केन्द्रको निर्माण, आवश्यक सामग्री व्यवस्थापन लगायतका कार्यक्रमहरूमा बजेट खर्च हुने व्यवस्था मिलाएको छु ।

७०. विपद् व्यवस्थापन र जलउत्पन्न प्रकोप नियन्त्रणका लागि विपद सामग्री खरिद तथा आपतकालिन स्रोतकेन्द्र सुदृढीकरण र विपद् प्रतिकार्य योजनाको कार्यान्वयनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

७१. वन, वातावरण तथा विपद व्यवस्थापनका लागि कुल रु २ करोड २९ लाख ८० हजार विनियोजन गरेको छु।

**सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र**

७२. नगरपालिकाको कार्य सम्पादनलाई पारदर्शी, जवाफदेही र सहभागितामूलक बनाउन सार्वजनिक सुनुवाई, खर्च सार्वजनिकीकरण, सामाजिक लेखापरीक्षण, जनतासँग नगर प्रमुख, बालबालिकासँग नगर प्रमुख जस्ता सेवाग्राहीप्रति उत्तरदायित्व एवम् सुशासन अभिवृद्धि गराउने कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७३. बजार क्षेत्रमा सीसी क्यामेरा जडान र मर्मत, सूचना प्रविधि, साइबर सुरक्षा तथा आर्टिफिसियल इन्टेलिजेन्स (AI) सम्बन्धी क्षमता विकास अभिवृद्धि, डिजिटल सुशासन प्रवर्द्धन, नागरिक सूचना तथा सन्देश प्रणालीको व्यवस्थापन लगायतका कार्यका लागि आवश्यक पर्ने बजेटको प्रबन्ध मिलाएको छु ।

७४. राजस्व परिचालन तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन, राजस्व सम्बन्धी सचेतना कार्यक्रम, राजस्व सम्बन्धी तालिमलगायतका कार्यक्रम सञ्चालन गर्न रू १० लाख बजेट विनियोजन गरेको छु ।

७५. न्यायिक समिति र मेलमिलाप कार्यक्रमका लागि कुल रु. १६ लाख बजेट विनियोजन गरेको छु ।

७६. सुशासन तथा संस्थागत विकास तर्फ कूल रु. १७ करोड ४६ लाख १५ हजार बजेट विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

अब म संघीय सरकारको सशर्त अनुदान ४२ करोड ३५ लाख, विशेष अनुदान ३ करोड ९६ लाख र समपुरक अनुदान १ करोड २७ लाख र प्रदेश सरकारको सशर्त, समपूरक र विशेष अनुदान ८२ लाख ४१ हजार गरी जम्मा बजेट रू. ४८ करोड ४० लाख ४१ हजारबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको खर्च अनुमान प्रस्तुत गर्न चाहन्छु ।

७७. आर्थिक विकास क्षेत्र अन्तरगत कृषि क्षेत्रमा रु. ४३ लाख, पशुपन्छी विकासमा रु. १८ लाख, लघु उद्यममा रु. १५ लाख र रोजगारमा २१ लाख गरी कुल रु. ९७ लाख बजेट विनियोजन गरिएको छ ।

७८. सामाजिक विकास क्षेत्र अन्तरगत शिक्षा क्षेत्रमा रु. २७ करोड ८७ लाख, स्वास्थ्यमा रु. ५ करोड ५१ लाख, महिला, बालबालिका र समाजकल्यणमा रु. १२ लाख र राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरणतर्फ रू ५ लाख गरी कूल रु. ३३ करोड ५५ लाख विनियोजन गरिएको छ।

७९. पूर्वाधार विकास क्षेत्र अन्तरगत नगर अस्पताल निर्माणको भुक्तानीका लागि रु. ७ करोड २६ लाख विनियोजन गरिएको छ।

८०. संघीय समपूरक अनुदानमा गिरूवारी करिडोर निर्माण मध्यविन्दु ७ र ८ (क्रमागत) योजनामा ७६ लाख र मध्यविन्दु-८ चौरङ्गीदेखि हर्वस्टार धारापानी हुँदै बाहुनीकुना सडक स्तरोन्नति योजनाका लागि ५१ लाख बजेट विनियोजन गरिएको छ।

८१. संघीय विशेष अनुदानमा मध्यविन्दु नगर अस्पताल स्वास्थ्य उपकरण खरिदमा १ करोड ४१ लाख र फोहोरमैला व्यवस्थापन केन्द्रनिर तटबन्धन निर्माण (क्रमागत आयोजना) मा २ करोड ५५ लाख बजेट विनियोजन गरिएको छ।

८२. गण्डकी प्रदेश विशेष अनुदानमा मध्यविन्दु नगर अस्पताल स्वास्थ्य उपकरण खरिदमा ४० लाख विनियोजन गरिएको छ ।

८३. गण्डकी प्रदेश समपुरक अनुदानमा दुवाकुनखोला स्कूलटोल कल्भर्ट निर्माणमा ४० लाख ४१ हजार विनियोजन गरिएको छ ।

८४. संघीय सरकार तथा गण्डकी प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानबाट प्राप्त रकम तोकिएकै शीर्षकमा खर्च गरिने छ । समपूरक अनुदानमा नगरपालिकाको तर्फबाट गरिनुपर्ने लागत सहभागिताका लागि पर्याप्त हुने गरी बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

८५. समग्रमा आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि आर्थिक विकास क्षेत्रमा रु. ३ करोड ९४ लाख ४ हजार, सामाजिक विकास तर्फ रु. ४० करोड ८७ लाख ३७ हजार, पूर्वाधार विकास तर्फ रु. ४० करोड ७७ लाख ३ हजार, बन, वातावरण तथा विपद व्यवस्थापनतर्फ रू. २ करोड २९ लाख ८० हजार, सुशासन तथा संस्थागत विकास क्षेत्र तर्फ रु. १७ करोड ४६ लाख १५ हजार कूल रु. १ अरब ५ करोड ३४ लाख ३९ हजार बजेटको अनुमान गरिएको छ । यस मध्ये चालु तर्फ रु. ६६ करोड २९ लाख ३६ हजार र पूँजीगत तर्फ रु. ३९ करोड ५ लाख ३ हजार बजेट विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

उल्लेखित क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आर्थिक वर्ष २०८२/०८३ को लागि कुल रु. १ अरब ५ करोड ३४ लाख ३९ हजारको बजेट प्रस्ताव गरेको छु। सो बजेटको लागि आवश्यक पर्ने स्रोत अनुमान देहायअनुसार प्रस्तुत गर्न चाहन्छु ।

८६. आगामी आर्थिक वर्ष २०८२/०८३ मा अनुमान गरिएको कुल खर्च व्यहोर्ने स्रोत मध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रु. १५ करोड ६८ लाख, सशर्त अनुदान रु. ४२ करोड ३५ लाख, समपूरक अनुदान रु. १ करोड २७ लाख र विशेष अनुदान पुँजीगत रु. ३ करोड ९६ लाख एवम् संघीय राजश्व बाँडफाँड बाट रु. १५ करोड ६९ लाख गरी कुल रु.७८ करोड ९५ लाख आम्दानी हुने प्रक्षेपण गरिएको छ ।

८७. गण्डकी प्रदेश सरकारबाट आर्थिक वर्ष २०८२/०८३ का लागि वित्तीय हस्तान्तरण अन्तर्गत समानीकरण अनुदान रु. २ करोड ५ लाख २३ हजार, सशर्त अनुदान रु.२ लाख, विशेष अनुदान रु.४० लाख, समपूरक अनुदान रू. ४० लाख ४१ हजार र राजश्व बाँडफाँडबाट रु.१ करोड ५५ लाख ८४ हजार गरी कूल रु. ४ करोड ४३ लाख ४८ हजार आय हुने प्रक्षेपण गरिएको छ ।

८८. आगामी आर्थिक वर्षमा नगरपालिकाको आन्तरिक श्रोतबाट रु. १४ करोड ५ लाख आय हुने अनुमान गरिएको छ भने र चालु आर्थिक वर्षको को अन्त्यमा बैकं मौज्दात रु. ७ करोड ९० लाख ९१ हजार रहने अनुमान गरिएको छ ।

८९. आम्दानी र खर्चका विस्तृत विवरणहरू अनुसूचीहरूमा समावेश गरिएको छ ।

९०. यो बजेटमा संघीय र प्रदेश सरकारबाट अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त हुने सामाजिक सुरक्षा भत्ता लगायतका अन्य कार्यक्रमलाई समावेश गरिएको छैन ।

९१. सशर्त, समपुरक र विशेष अनुदान मार्फत आर्थिक वर्षको बिचमा प्राप्त हुने बजेटहरु सुत्र प्रणालीमा प्रविष्टि गरी भुक्तानी दिने व्यवस्था मिलाइएको छ।

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८२/०८३ को लागि राजस्व नीति प्रस्तुत गर्न चाहन्छु ।

९२. नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार क्षेत्र भित्र रही कुल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गर्दै लैजाने गरी करको दरमा सामान्य परिवर्तन तथा करको दायराको व्यापक उपयोग गर्ने नीति लिईनेछ।

९३. करका दरहरु समेत उल्लेख भएको आर्थिक विधेयक, २०८२ तथा खर्चलाई व्यवस्थित गर्न बनेको विनियोजन विधेयक, २०८२ समेत साथै पेश गरेको छु ।

**सभाध्यक्ष महोदय,**

९४. अर्थतन्त्रमा देखिएको मन्दी र विपद्का कारण बजेट कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलमा असर पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्न विशेष सजगता अपनाइनेछ। जनप्रतिनिधि, राजनैतिक दल, बुद्धिजीवी, निजी क्षेत्र, नागरिक समाज, शिक्षक, पत्रकार, राष्ट्रसेवक कर्मचारी लगायत सम्बद्ध सबै पक्षहरूको सामुहिक प्रयासबाट मात्र यस बजेटले लिएका उद्देश्यहरू पूरा भई समृद्ध नगर निर्माण गर्न सकिनेमा म विश्वस्त छु।

९५. बजेट तर्जुमाका क्रममा मार्गदर्शन गर्नुहुने संघीय र गण्डकी प्रदेश सरकारअन्तर्गतका निकायहरू, माननीय सांसदज्यूहरू, श्रद्धेय नगर प्रमुखज्यूप्रति विशेष कृतज्ञता व्यक्त गर्दछु। यसैगरी, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका पदाधिकारीज्यूहरू, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरू, कार्यपालिकाका सदस्यज्यूहरू, नगरसभाका सदस्यज्यूहरूका साथै बजेट तर्जुमाको क्रममा सुझाव प्रदान गर्नुहुने सबैप्रति आभारी छु। बजेट तर्जुमामा अहोरात्र खटिनुहुने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूलाई समेत विशेष धन्यवाद दिन चाहन्छु।

**अन्तमा,**

समृद्ध नगर निर्माणको अभियानमा एकजुट हुन सम्पूर्ण नगरवासी बुवा-आमा, दिदी-बहिनी तथा दाजुभाइहरूलाई हार्दिक अपिल गर्दै, बजेटको प्रभावकारी कार्यान्वयनमा यहाँहरूको साथ, समर्थन र रचनात्मक सहयोगको अपेक्षा राखेको छु।

**धन्यवाद ।**

.........................

**पूर्णकला चौधरी**

**उपप्रमुख एवम् संयोजक**

**बजेट तथा कार्यक्रम तर्जुमा समिति**

**१० असार, २०८२ ।**